# कैलाली जिल्ला धनगढी

# पुरानो एयरपोर्ट शिविरमा बसिरहेका मुक्तकमैयाहरुको सामाजिक आर्थिक अवस्थाः

# एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय अर्न्तगत

समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको

आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको

**शोधपत्र**


प्रस्तुकर्ता

**दुर्गा ओझा**

रोल नं.: २८३१९०

रजिस्ट्रेसन : ६-२-३२७-२७७-२०१४

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७९


कैलाली जिल्ला धनगढी पुरानो एयरपोर्ट शिविरमा बसिरहेका मुक्तकमैयाहरुको सामाजिक आर्थिक अवस्था: एक समाजशास्त्रीय अध्ययन

दुर्गा ओझा

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र संकाय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणमा दुर्गा ओझाले **कैलाली जिल्ला धनढीमा रहेको पूरानो एरपोर्ट शिविरमा बसिरहेका मुक्तकमैयाहरुको सामाजिक, आर्थिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन** विषयमा यो शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

......................

डा. सुरेन्द्र मिश्र

शोध निर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र संकाय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय समाजशाास्त्र विभाग अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि दुर्गा ओभ्फालाद्धारा तयार पारिएको **कैलाली जिल्ला धनगढी पुरानो एयरपोर्ट शिविरमा बसिरहेका मुक्तकमैयाहरुको सामाजिक, आर्थिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन** शिर्षकको शोधपत्र मुल्याङ्कनको लागि उपयुक्त भएकोले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

........................

**डा. युवराज लुइटेल**
विभागीय प्रमुख

........................

**सुरेन्द्र मिश्र**
शोध निर्देशक

......................

**बलराम आचार्य**

बाह्य परीक्षक

# कृतज्ञताज्ञापन

नेपालको तराई क्षेत्रमा बसोबास गर्दे आएका आदिवसी जनजाति थारुजाति छुट्टै मौलिक विशेषता भएका जनजाति हुन् । इमानदार र मिहेनति जातिको रुपमा परिचित थारु जनजनतिहरुको सामाजिक र आर्थिक स्थितिबारे केही जानकारी हासिल गर्ने उद्देश्यले प्रेरित भई मैले कैलाली जिल्ला धनगढी पुरानो एयरपोर्ट शिविरलाई अध्ययन क्षेत्र बनाएर यस क्षेत्रमा बसोबास गरिरहेका थारुजातिको सामाजिक तथा आर्थिक अवस्था बारेमा यो शोधपत्र तयार पारेको छु ।

शोधपत्र लेखन आफैमा कठिन कार्य हो । कसैको निर्देशन तथा समुचित मार्गदर्शन विना यो काम प्राय असम्भव नै हो । त्रिभुवन विशविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत स्नातकोत्तरको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको शोधपत्र मैले आदरणीय गुरु सुरेन्द्र मिश्रज्युको कुशल निर्देशनमा तयार पारेको छु । यो शोधपत्र तयार पार्ने सर्न्दभमा आईपरेका विभिन्न अप्ठ्यराहरुसंग जुध्ने प्रेरणा दिदै सही पथ प्रर्दशन गराएर अधिबढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरु पन्छाएर कुशल र समुचित मार्ग निर्देशन गर्नु भएकोले उहाँ प्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

यसैगरी शोधपत्र लेखनमा प्रेरणा र सुझाव दिनुका साथै आवश्यक सामग्री जुटाउन हर पक्षबाट सहयोग गर्ने प्रत्यक्ष वा परोक्ष सहयोग गर्नु हुने सम्पूर्ण व्याक्तित्व प्रति हार्दिक आभार व्याक्त गर्दछु ।

अन्त्यमा मेरो सानो मेहनतले तयार पारेको यो शोधपत्रको उचित मूल्याङ्कनउचित तरिकाले हुनेछ र यसमा मैले सफलता प्राप्त गर्नेछु भन्ने विश्वास लिएको छु ।

दुर्गा ओझा

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपूर, काठमाडौं

## विषय - सूचि


| | पृष्ठ संख्या |
|---|---|
| **सिफारिस पत्र** | क |
| **स्वीकृति पत्र** | ख |
| **कृतज्ञता** | ग |
| **अध्याय - एक : परिचय** | **१-१०** |
| १.१. अध्ययनको पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ४ |
| १.३. अध्ययनको उद्देश्य | ८ |
| १.४. अध्ययनको महत्व | ८ |
| १.५. अध्ययनको संगठन | १० |
| **अध्याय - दुई : सान्दर्भिक साहित्यको पुनरावलोकन** | **११-१७** |
| २.१. कमैया प्रथाको परिचय | ११ |
| २.२. पूर्व साहित्य समिक्षा | १२ |
| **अध्याय - तीन : अनुसन्धान विधि** | **१८-२१** |
| ३.१. अध्ययन क्षेत्र छनौट | १८ |
| ३.२. अनुसन्धान ढाँचा | १८ |
| ३.३. तथ्याङ्क प्रकृति | १९ |
| ३.४. अध्ययनको समग्रता र नमूना | १९ |
| ३.५. तथ्याङ्क संकलन विधि | १९ |
| ३.५.१ प्राथमिक तथ्यांक संकलन | १९ |
| ३.५.२ द्वितिय तथ्यांक संकलन | २० |
| ३.६. तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | २० |
| ३७. अध्ययनको सिमा | २१ |

**अध्याय - चार : अध्ययन क्षेत्रको परिचय** **२२-२५**
४.१. कैलाली जिल्लाको एक परिचय २२
४.२. सामाजिक अवस्था २३
४.२.१. जनसंख्या र जनजीवन २३
४.२.२. भाषा २३
४.२.३. रहनसहन २४
४.२.४. शैक्षिक अवस्था २४
४.३. आर्थिक अवस्था २४
४.३.१. कृषि २५
४.३.२. यातायात, संचार र विजुली २५
**अध्यय - पाँच : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण** **२७-४२**
५.१. उत्तरदाता मुक्त कमैयाहरुको सामाजिक अवस्था २७
५.१.१ उमेर २७
५.१.२ वैवाहिक स्थिति २८
५.१.३ वैवाहिक निर्णय २८
५.१.४ शैक्षिक स्थिति २९
५.१.५ परिवार संख्या ३०
५.१.६ जन्मस्थान ३०
५.१.७ कमैया रहेको अवधि ३१
५.१.८ पुर्ख्यौली थलो ३२
५.१.९ बालबालिकाको शैक्षिक अवस्था ३२
५.१.१० धर्म ३४
५.१.११ छोरीको विवाह गर्ने उमेर सम्बन्धि धारणा ३४

५.१.१२ मृत्यु संस्कार ३५

५.२ उत्तरदाता मुक्त कमैयाहरुको आर्थिक अवस्था ३६

५.२.१ पेशा ३६
५.२.२ आयस्रोत ३६

५.२.३ भु-स्वामित्व ३७

५.२.४ खान पुग्ने नपुग्ने स्थिती ३८

५.२.५ जग्गा जमीन ३९

५.२.६ परम्परागत पेशा प्रतिको धारणा ३९

५.२.७ पशुपालन ४०

५.२.८ अन्य पेशा ४१

५.२.९ रोजगारीको स्थिति ४२

**अध्याय- छ : साराशं र निष्कर्ष ४३-४४**

७.१ साराशं ४३

७.२ निष्कर्ष ४४

**सन्दर्भ सामग्री ४५-४६**

**अन्तर्वार्ता अनुसूचि**

# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्टभूमि

नेपालको तराई भू-भागमा प्राचिनकाल देखि बसोबास गर्ने विभिन्न जातिहरु मध्ये थारु एक प्रमुख जन जाति हो । यिनीहरुको संख्या पनि तुलनात्मक रुपमा ठूलो छ र यिनीहरु तराईका आदिवासी मध्ये प्रमुख पर्दछन् र यिनीहरुको राष्ट्रियता र राष्ट्र प्रतिको आस्था ज्यादै मजबुद भएको पाइन्छ । थारु जनजतिको उत्पति बारे विभिन्न दृष्टिकोण रहेको पाइन्छ । किम्बदन्तीका रुपमा धेरै कुरा सुनिए पनि थारुहरु शाक्य वंशज हुन भने यिनीहरुलाई यही क्षेत्रकै आदिवासीको रुपमा किटान गरेको पाइन्छ । त्यस्तै गरेर थारु जनजातिको विस्तृत अध्यायन बारे धेरै विद्धान्हरुले कृतिहरु प्रकाशित गरेको पाइन्छ । जसमा स्वदेशी विद्धानहरुले मात्र नभई विदेशि विद्धानहरुले पनि विस्तृत रुपमा अध्ययन गरेको पाइन्छ । थारु जनजातिको बारेमा विभिन्न पुस्तक, लेख प्रकाशित भएकोले उनीहरुको ऐतिहासिक पृष्टभूमि बुझ्नको लागि सजिलो पुऱ्याएको छ ।

तथ्याङ्क विभाग बाट प्रकाशित जनगणना अनुसार थारुहरु पूर्वदेखि पश्चिम सम्म तराईमा नै बसोबास गरेको पाईन्छ । यिनीहरुको पूर्खा मंगोलियन हो । तर कतिपय आर्य राजपूतका वंशज मान्दछन् । थारु जनजातिहरु कहाँ बाट आए भनी आजसम्म निश्चित हुन सकेको छैन् । थारु समुदाय पहिले देखिनै कपिलवस्तुमा बस्दै आएका थिए । नेपालमा मोटामोटी २४ जातका थारुहरु पाइन्छन् । त्यस मध्ये कैलालीमा राना, परिहार, बोक्टान, डङ्गौरा, मलवारिया, कठबारिया जातका थारु बसोबास गर्दछन् ।

कमैया प्रथा कहिले देखि उत्पति भएको हो र यसको सुरुवात कसले गरेको हो भन्ने बारेमा कसैले बताउन सकेका छैनन् । यसका बारेमा कुनै तथ्य युक्त ऐतिहासिक विवरण पत्ता लगाउन पनि सकिएको छैन् । कमैया हुनका कारण के हुन् भन्ने बारेमा भने धेरै कुरा किटान गर्न सकिने अवस्था देखिन्छ तर कहिले देखि शुरु भयो भन्न सकिने अवस्था भने विधमान छैन् ।

नेपालको तराईको अधिकाशं भागमा औंलोको प्रकोप थियो । मानिसहरु तराईमा बस्न डराउथे तराईका स्थानीय वासिन्दा बाहेकहरु तराईमा बसोबास गर्न चाह्दैन्थे । आवादिको

अभावमा तराईमा बाक्लो जंगल थियो । भैरहेका खेतहरु पनि बाजै रहन्थे । त्यस बेला बर्दिया, कैलाली र कन्चनपुरलाई त "कालापानी" नै भनिन्थ्यो । कम्पनी सरकारले आफूले कब्जा गरेको पश्चिम नेपालका केही भूखण्डहरु सन् १८९७ मा नेपाललाई " नयाँ " मुलुक भन्ने गरिन्थ्यो । यस बाट सरकारको मालपोत बाँकि रहने हुदाँ राजस्व असुलीमा प्रतिकूल प्रभाव परेको थियो । अर्को तर्फ ठूला ठूला जमिनदारले तराईमा विर्ता पाएका हुन्थ्ये । तिनीहरुले जग्गा कमाउने व्यक्ति पाउँदैनथे । जग्गा कमाउने व्यक्तिहरु आउन भनेर अनेकौ लालच र प्रोत्साहन दिइने गरिन्थ्यो । यस्ता कार्यका लागि त्यस्तै क्षेत्रमा बसोबास गर्ने आदत भएका मानिस नै टिक्न सक्ने हुदाँ सबैको दृष्टि थारु जनजाति तर्फ गयो । दाङ्ग जिल्लामा समुदायको संख्या ठूलो थियो र उनीहरुलाई खेती गर्ने जमीनको आवश्यक्ता पनि परेको थियो । अर्को तर्फ उनीहरु जमिनदारहरुको शोषणको मारबाट बच्न अर्को क्षेत्रमा जान पनि चाहन्थे । यसरी उक्त कालापनी क्षेत्रमा जग्गा आवाद गर्न थारु जातिका किसानहरुलाई लैजान थालियो । उनीहरुले जंगल फाडेर औलोसंग मुकाबला गरेर जग्गा आवाद गरी वस्ती बसाले । यसै क्षेत्रमा २०२२/२३ सालतिर सरकारले त्यस क्षेत्रमा औलो नियन्त्रणको कार्यक्रम शुरु गरे । औलोको प्रकोप समाप्त भएपछि अरु क्षेत्र पहाड, मधेश चारै तर्फबाट बसाई सरेर आउनेले यहाँका सोझा, सादा र इमान्दार थारुहरुबाट झुक्याएर कम पैसा दिएर, कब्जा लगाएर, मुद्धामामिला फसाएर उनीहरुका जग्गा हत्याए । थारुहरु मरुत प्रकृतिका रमाइलो गर्नुपर्ने, झंझट गर्न नचाहाने, फुक्का खर्च गर्ने, अनपढ, उद्धार र सरल हुन्छन् । त्यसैले छलकपट शिकार भएर उनीहरुको जग्गा समाप्त हुनु कुनै अनौठो कुरा होईन् । सस्तोमा या फोकटमा जग्गा प्राप्त पछि श्रम गर्न चाहनु पनि कुनै अस्वाभाविक कुरा होईन् । फेरि रोजगारीका अवसर कम हुदै गए पछि श्रम आपूर्ति माग भन्दा बेसी हुन सक्ने भै सस्तो श्रम प्राप्त हुने कुरा अर्थशास्त्रको सामान्य नियम हो । अर्को तर्फ कर्जा तिर्ने कुनै उपाय नभए पछि सो रकम शारीरिक श्रम नै एक मात्र उपाय हुने कारण भएकोले साहुको घरमा स्वयम् वा छोरा छोरीलाई काम गर्न राख्नु पर्ने बाध्यतालाई बुझ्न सकिन्छ । यी सबै कारणहरु कमैया प्रथाको आधार हुन सक्ने कुरालाई तर्क र तथ्यले पुष्टि गर्न सकिन्छ ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरले तत्कालीन दासदासी कमारा कमारी प्रथा अन्त्य गर्न वि.स.१९८२ मा अमलेख गराए पनि पश्चिम नेपालका अवषेशका रुपमा कमैया प्रथा कायम रहेको तथ्य पाइन्छ । प्रारम्भिक अवस्थामा टाठाबाठाहरुले जग्गाको अधिक आफूमा सीमित

राख्ने अन्त्य निर्वल वर्गहरुले थोरै जग्गा हात पारे । थोरै जग्गाको उत्पादन बाट उनीहरुको आवश्यकताको पूर्ति हुन पुगेन । जिविकोपार्जनको विकल्पका रुपमा उनीहरुको जो सँग जग्गा जमीन हुन्थ्यो । ( भूमिपति वा जमीनदार वर्ग ) उनीहरु सँग पैसा सापटी लिएर आफ्नो आवश्यकताको पूर्ति गर्न थाले । परिवार ठूलो भएकोले एकजनाको कमाईमा सम्पूर्ण पविार निर्भर थिए । उनीहरु अब जमीनदारको ऋण नचुकाउन्जेल पुस्तौ सम्म बाँध मजदुरका रुपमा रहने भए । कमैया हरुको दुर्बल मनस्थितीको फाइदा उठाई जमीनदारहरु उनीहरुलाई रात दिन काममा लगाएर वर्षभरिका लागि निश्चत मात्रामा अन्न जोखेर बोल कबुलका साथ दिने गरे सो अन्न भन्दा बढी अन्नको उपभोग गरेमा बाँकी अन्नको मूल्य ऋणमा थप गरिन्थ्यो । दाङ्ग लगायत पश्चिम तराईका नयाँ मुलुकका भूमि बाँके, बर्दिया, कैलाली, कंन्चनपुरमा थारु जातिहरु पुस्तौ पुस्ता देखि बाधा मजदूरका रुपमा रही जीविकोपार्जन गर्दे आएका थिए । कमैया प्रथाको इतिहास बोकेका यी पाँच वटै जिल्लामा पिछडिएका थारु जातिहरु रहेका थिए । वि.स. १९९३ को सरकारी आँकडा अनुसार कमैयाहरुको कूल १४ हजार परिवार थियो भने उनीहरुको करिब ५ करोड ऋण लिएको देखिन्छ । सरदर रुपमा हेर्दा कमैया परिवार झन्डै साढे तीन हजारको हाराहारीमा ऋण रहेको साँवा जुन २०५७ साल श्रावण २ गतेको सरकारी घोषणा अनुसार तिर्नु नपर्ने भएको छ । साथै सरकारले २०५५ सालमा संकलन गरेको तथ्यङ्क अनुसार करिब १६ हजार कमैया परिवार र ८४ हजार जति कमैयाको संख्या कमैया प्रथामा संलग्न रहेका छन् ।

कमैया प्रथा खास गरी गरीबीकै कारण सुरु भएको हो । कमैया बस्नेहरु थारु जातिका भएका र उनीहरु आफ्नो जमिन नभएका नै छन् । तराईको सम्पूर्ण जग्गा खेतीयोग्य बनाउने काम थारुले नै गरेका हुन तर समयका दौरानमा चलाख मानिसहरु जो पहाड बाट बसाई सरी आए र सम्पूर्ण जग्गा हत्याए । १९५० को देशको अन्ततिर पुर्नवास कार्यक्रम लागु भयो । त्यस भन्दा पछि थारु समुदायको स्थिती झन खराब भएर गयो । पूराना भू-स्वमित्व भएका हरुले २६ विगाह भन्दा बढी जग्गा राख्न पाएनन् । भूमिसुधार कार्यक्रमको कार्यन्वयन हुनु अगावै तिनले आफ्नो जमिन ती मानिसहरु लाई बिक्रि गरे जो पहाडबाट बसाईसरी आएका थिए । पहाडीहरुले यस्ता जमिन सानासाना टुक्रा खरिद गरे । यसरी मोहीहरु आफ्ना जग्गामा खेती बाट वञ्चित भए । यसरी जमिनदारी प्रथा पनि कमैया हरुलाई बाधा बनाउने आधार बन्यो । नेपालको राज्य सत्ताले पनि यस्तो प्रथालाई कानूनी मान्यता दिएकोले कमैया प्रथा एउटा सँस्कारको रुपमा विकसित भयो । यस प्रथामा भएका विसंगति जस्तै : धनी

गरिब बीच असमानता, दमन, शोषण, अत्याचारले पनि प्रश्रय पाएको थियो । निर्दयी, अत्यचारि र व्यभीचारी किसान कहाँ कमैया हुदाँ हुने दुर्दशा र दुव्यबाहारले गर्दा र क्रमिक समाज सुधार र चेतना आदिले यस प्रथा प्रति कमैया थारुहरुमा वितृष्णा फैलिदै गयो । जिविकोपार्जनको अन्य विकल्प नभएकोले पनि होला जे जस्तो भएता पनि सहने प्रवृति हुदाँ हुदै पनि देखिन थल्यो । यस प्रथाको अन्त २०५७ साल श्रवण २ गते भयो । जसमा पश्चिम तराईका पाँच जिल्ला दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुर गरी १६ हजार परिवारका झण्डै ७० हजार कमैया मुक्त भए ।

कमैया प्रथा मध्य तथा सुदुरपश्चिमका केही जिल्लाहरुमा खासगरी राना थारु तथा डगौरा थारु समुदायका साहु महाजन बाट ऋण फुकाउन नसक्दा सम्म साहु कँहा बसि नि:शुल्क काम गर्ने र व्याज मिनाह गर्ने प्रथालाई कमैया प्रथा भनिन्छ । यस्तो कमैया बसेको ऋण अरुले नै तिरीदिएमा सो कमैया उसकै हुने परम्परा रहेको छ । यो प्रथा कैलाली, कन्चनपुर, दाङ्ग, बाँके, बर्दिया र सुर्खेत लगायतका जिल्लामा पाउँन सकिन्छ । यो प्रथा २०५७ साल साउन २ गते तत्कालिन प्रधानमन्त्री शेरबाहादुर देउवाको सरकारले अन्त्य गरेको हो । तथापि कमैयाको स्थिती सुधार नहुनाले अझै यो प्रथा चलन चल्तीमा छ ।

कमैया मुक्तिका लागि वि.स.२०४८ सालदेखि नै प्रयासरत थिए । यी कार्यक्रमबाट ४ वर्षमा १ हजार परिवार मात्र मुक्त भएको हुँदा कमैया मुक्ति गर्न धेरै वर्ष लाग्ने भएकाले सरकारले २०५७ साल श्रावण २ गते कमैया मुक्त भएको घोषणा गर्नु परेको हो । कमैया मुक्ति भएको घोषणा गरे पश्चात् कमैया श्रम बाट मुक्त व्यक्तिको पहिचान तथा पुर्नस्थापनाका लागि केन्द्रिय समन्वय तथा अनुगमन समितिको गठन गरी कार्य थालनी भएको थियो । केन्द्रिय अनुगमन समिति बाट कमैयाहरुको तथ्याङ्क संकलन गर्ने तथा मुक्त कमैयाहरुलाई विभिन्न ठाँउमा सिविर खोली सिविरमा वस्ने र राहत वितरण गर्ने कार्यक्रम समेत गरिएको थियो ।

## १.२ समस्याको कथन

थरु जातिको बारेमा समाजशास्त्रीय दृष्टिकोणले आधुनिक समाजको बढ्दो शहरीकरणको प्रभावले उनीहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा के कस्ता सकारात्मक परिवर्तन आएको छ । त्यसतर्फ अध्ययन नहुनु आजको समस्या हो । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न जिल्लाका थारु जातिहरु सबैमा कतिपय सामाजिक तथा सांस्कृतिक

पक्षहरुमा एकरुपता समेत पाईदैन । यो शोधपत्र अध्ययन क्षेत्रका थारुहरुमा आफ्नो भेषभुषा र परम्परालाई पुरै पहाडिया शैलिमा बदलिएको पाइन्छ ।

कमैया प्रथा विवशताको रुप हो । हुन त कमैया शब्दले हलिया शब्दको अर्थ संग निकै मेल राख्छ तर कमैया प्रथा तीन वटा कारणले गर्दा छुट्टै हिसावले हेर्नु पर्ने हुन्छ । एक - यहाँको उद्गम बेग्लै किसिमको छ । पश्चिम तराईको थारु समुदायको संस्कार संग गासिएको छ । दुई - बाँधा श्रमका विभिन्न रुपहरुमा सबै भन्दा बढी प्रचारमा यो नै आएको छ । तीन - यस प्रथामा बाँधा श्रमिकहरुले सोझो किनमेल हुने गर्दछ र एक प्रकारको दास व्यपार चलेको हुन्छ, (रोवर्ट्सन र मिश्र १९९७) ।

प्रशासन समेत हेर्नपाउने हुदाँ उनीहरुले पनि कृषि विकासको समग्र पक्षमा थरु जनजातिको महत्वपूर्ण भूमिका छ । थारु जातिले तराई भू-भागको जर्जर र सुख्खा जमिनलाई खेतीयोग्य बनाए । प्रकृति सँग संघर्ष गरेर घना जंगललाई आवाद गराउनमा मद्दत पुऱ्याए तर समय क्रमसंगै तराईमा औलो उन्मूलन पश्चात छिमेकि पहाडी क्षेत्र बाट बसाई सर्ने हरुको लहर लाग्यो यिनीहरु विस्तारै विस्तापित हुन थाले र हिजो सम्म रमाए खाने जग्गाबाल थारुहरु अन्तत : कमैया बन्न बाध्य भए ।

नेपालमा ऐतिहासिक कालदेखि नै दास प्रथा मात्र प्रचलनमा थिएन विना पैसा अनिवार्य काम लिने प्रचलन वा व्यवहार पनि थियो । जवरजस्ती र विना पैसा काम लिने अधिकार केबल सरकारलाई मात्र हुन्थ्यो । त्यस्तो श्रम लिनेलाई झारा वेगर जस्ता अनिवार्य वा विना पारिश्रमिक काम लिने सम्बन्धमा निश्चित नियमहरु पनि स्थापित भएका थिए । यस्तो विना पारिश्रमिक झारा वेगर जस्ता अनिवार्य लिने सरकारको अधिकारको प्रयोग जमिनदार, जिम्मावाल, विर्तावाल जागिरदारहरुले पनि गर्न थाले । कानुनमा उनिहरुलाई यस्तो अधिकार थिएन् तापवन जमिनदार विर्तावालहरुले मुद्दा मामिला हेर्न पाउने, मालपोत उठाउने नामसारी दर्ता इत्यादि जग्गाकोस बाट जबरजस्ती पारिश्रमिक कम लिदा कसैले रोक्न सक्दैनथ्यो । मानिसहरु पनि उनीहरुलाई रिझाउन काम गरिदिने गर्थे । यहि निशुल्क काम गरिदिने सदस्यहरु नै कमैया हुन् । त्यसैले विस्तारै विना पारिश्रमिक काममा लगाउने स्थिती बसेर गयो । जुन पछि गएर विर्ता उन्मूलन सँगै समाप्त भयो । कमैया प्रथाको उद्गम सोही जबरजस्ती श्रम गराउने प्रचलन सँग सम्बन्धित छ ।

नेपालको पश्चिम तथा सुदुरपशिचम भेगमा अझै पनि खास गरी दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरुमा जनशक्तिको ठूलो भाग आफ्नो सम्पूर्ण र क्षमता लगाई अर्काको घरमा काम गरिरहेको पाईनछ । यस्ता काम गर्ने कामदारहरु अन्य केही जातिको भए पनि थारु जातिको ठूलो समुह यस कार्यमा सँलग्न छन जसले गर्दा अन्य जाति नगन्य हुन पुगेका छन् ।

कृषि योग्य भूमिको धेरै भाग आफ्नाो अधिकारमा लिएका थुप्रै जमिनदारहरुले आफ्नो कृषि कार्य वा अन्य कामको लागि शारीरिक श्रमको उपयोग यिनै थारु जातिको श्रमिकहरुबाट गरेको पाइन्छ । यि श्रमिकहरुलाई नगन्य ज्याला दिने र उच्च ज्यलाको वापतमा ती श्रमिक हरु एउटा निश्चित समय सम्मको लागि जमिनदारको घरमा मजदूरको रुपमा बाध्यता पूर्वक वस्नु पर्ने परम्परा धेरै पहिले देखि नै चलिहाएको अवस्थामा यसले  अलिखित कानुन सरह  समाजमा मान्यता प्राप्त गऱ्यो । वषौवर्षको वाँधा जीवनबाट मुक्ति दिलाउने उद्देश्यले भूमिसुधार मन्त्रालयद्धारा पश्चिम नेपालका ५ वटा जिल्लाहरु दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुरका कमैयाहरुलाई २०५७ सालमा मुक्त गरेको छ । यद्यपी नेपालबााट कानुनी रुपमा दासप्रथाको उन्मूलन चन्द्रशमशेरका पालामा भएको र त्यसपछि का मुलुकी ऐनहरुमा पनि यस सम्बन्धी व्यवस्था भएका भएता पनि नेपालको पश्चिमी तराईमा मानिसहरुको किनबेच बाधा श्रमिकको रुपमा काम गर्ने ती मानिसहरु थारु समुदायका भएका र तिनको अधिकांशको आफ्नो जमिन छैन जमिन भएका हरु पनि हुने र त्यसबाट गुजारा नचल्ने हुदाँ ऋण लिई कमैया बस्न बाध्य भएको देखिन्छ । सरकारद्धारा उनिहरुको २०५७ सालमा ऋण मिनाह गरी कमैया मुक्त गरिएता पनि त्यसपछिका दिनहरुमा उनीहरुको पुर्नस्थापनाको लागि ठोस कदम समयमै नचल्दा त्यसबाट उनीहरुको जीवनमा त्यसको प्रत्यक्ष असर परेको छ । स्थानीय स्तरमा प्रयाप्त कामको उपलब्धता नहुनु कृषि बाहेक अन्य बैकल्पिक रोजगारीको अभाव, आफुसँग जग्गा नै नहुनु आदि कारणले यी मुक्त कमैया परिवारको सामाजिक, आर्थिक अवस्था प्रत्यक्ष रुपमा प्रभावित भएको छ ।

बाधा मजदुर यस्तो मजदूर हो जो पुर्खौदेखि भूमिहिन गरीबी र अशिक्षाको कारण आफू वा आफ्ना परिवारहरुको श्रमिकलाई भूमिपति वा जग्गावालाको किसानको घरमा बेच्न बाध्य हुन्छन् । यस श्रमको बदलामा अत्यन्त न्यून नगदी वा जिन्सी ज्याला प्राप्त गर्दछन् । उक्त ज्यालाबाट उनीहरुलाई खान पुग्दैन त्यसकारण उनीहरुले भूमिपति वा मालिकको घरबाट

ऋण लिनुपर्ने बाध्यता हुन्छ । त्यसैले बाधा मजदूर आफूले लिएको ऋण चुक्ता नभए सम्म मजदूर हुन । जसले कबोल गरेको समय भन्दा अगावै मालिकका घरबाट छुटकरा पाउन सक्दैनन् । यस्तो अवस्थामा मजदुरलाई बाधा मजदुर भनिन्छ । यसलाई प्राचिन नेपालको दासप्रथाको विकसित रुपमा मान्न सकिन्छ ।

तराईका जँगलमा मलेरियाको कारण अरु जाति समूहका मानिस बसोबास नगर्ने हुदाँ राणा शासकहरुले शुरुमा थारु मुखियाहरुलाई कर संकलक बनाएका थिए । तर पछि उच्च जातिका नेपाली मानिसहरुलाई जमीनदार बनाउने काम सुरु भयो । विर्तावालाहरु विकसित गरिए । तराईमा यसरी कृषि भूमिको विस्तार तीव्र हुदै गयो । मलेरिियाको निर्मूल पछि १९६० यता त पहाडबाट ब्राम्हमण, क्षेत्रीय परिवारहरुको तराईमा बसाइसराई बढदैगयो र थारुहरु सिमान्तीकरण हुने क्रममा (छेउ लाग्दै जानु) अझ तीव्रता आयो थारुहरुको एउटा सानो भाग आफू पनि जमीनदार भयो र उच्च जातिको तौर तरिका ग्रहण गर्न थाल्यो । तर आम थारुहरु चाहि निरह अवस्थामा पुगे ।

कमैया प्रथाको थालनीको सन्दर्भमा एउटा तर्क के गरिएको छ भने १९८२ मा दास उन्मूलन हुनु भन्दा धेरै पहिलेदेखि नै प्रचलित यो पेशाको रुपमा विधमान थियो । त्यसैलाई आधारमान्ने हो भने दास प्रथाको उत्पतिको साथ साथै कमैया प्रथाको पनि विकास भएको अनुमान गर्न सकिन्छ । यसै गरी कमैयाहरुको उत्पत्ति सम्बन्धमा अर्को पनि तर्क गरिएको छ कि वि.स.१९८२ मा राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा दास प्रथा समाप्त भएपछि दास प्रथाको विकृतिहरु कमैयामा सरेर आएको वा दास प्रथाको अन्त्य पछि दास प्रथाको बाँकी अवशेषबाट नै कमैया प्रथाको शुरुवात भएको इन्सेकको  भनाई छ ।

कमैया प्रथाको विकास कसरी भयो भन्ने सवाललाई मन्थन गर्दा जग्गा जमीन नहुन भए पनि थोरै मात्रामा अशिक्षा, गरीबी इत्यादिको कारणले विकास भएको पाइन्छ । त्यस्तै गरेर तल उल्लेखित कारणले गर्दा जस्तो जमिनदारहरुले आफ्नो खेतमा काम गर्नको लागि कमैया राख्न थाले । कमैया प्रथाको विकासलाई थारु जातिले सामान्य रुप लिएको देखिन्छ । घर व्यवहार, चाडपर्व, काजक्रिय, सुत्केरी बिरामि उपचार तथा खान नपुगेपछि सिधै कमैया बसेको पाइन्छ । भूमिहीन किसानले अधियामा जग्गा लगाउन चाहेमा जमीनदारले जग्गा नदिएमा साधारण किसानहरु काम नगरी कमैया बसेको देखिन्छ । विशेष गरी वैकल्पिक रोजगारीको अवसर नभए पनि कमैया प्रथाको विकास भइरहेको छ ।

थारु जातिको बारेमा समाजशास्त्रीय दृष्टिकोणले त्यति धेरै अध्ययन नभएको परिप्रेक्षमा आधुनिक समाजको बढदो शहरीकरणको प्रभावले उनीहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा के कस्ता सकारात्मक वा नकारात्मक परिवर्तन आएको छ त्यसतर्फ अध्ययन नहुनु आजको समस्या हो । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न जिल्लाका थारु जाहिरु सबैमा कतिपय सामाजिक तथा साँस्कृतिक पक्षहरुमा एक रुपता समेत पाइदैन यो शोधपत्र अध्ययन क्षेत्रका थारुहरुमा प्रायशः आफ्नो भेषभुषा र परम्परालाई पूरै पहाडिया शैलिमा बदलिएको पाइन्छ । प्राय जसो थारुहरु अशिक्ष तथा अन्धविश्वास को कारण पिछडिन पुगेका छन् ।

कमैयाहरुमा समस्याहरु विधमान रहेको हुदाँ उनीहरुका आर्थिक, सामाजिक समस्याहरुलाई उजागर गर्नका लागि कैलाली जिल्लाको धनगढी शिविरमा बसेका मुक्त कमैयाहरुलाई अध्यायनको लागि छनौट गरी कमैयाहरुको सामाजिक, आर्थिक अवस्थाहरुलाई अध्ययन गरी प्रस्तुत गरिएको छ । केहि प्रश्नहरु निम्नानुसार रहेका छन् :

१. मुक्तकमैयाहरुको सामाजिक, आर्थिक अवस्था कस्तो रहेको छ ?

२. उनीहरुले अपनाउदै आएका पेशा तथा आम्दानीका श्रोतहरु के-के हुन् ?

## १.३ अध्यनको उद्देश्य

कुनै पनि अनुसन्धानको कुनै न कुनै उद्देश्य रहेको हुन्छ । यस अध्ययनका साधारण र विशिष्ट गरि दुई वटा उद्देश्यहरु रहेका छन् । जुन निम्न अनुसार रहेका छन् :-

१. यस अध्यनको उद्देश्य मुक्त कमैयाहरुको सामाजिक र आर्थिक अवस्थाको वर्णन गर्ने ।

२. उनीहरुले अपनाउँदै आएका पेशा तथा आम्दानीका स्रोतहरु के कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

यो अध्ययन मुक्त कमैयाहरुको सामाजिक तथा आर्थिक पक्षको अध्ययनमा केन्द्रित रही उनीहरुका ज्वलन्त समस्याहरुलाई उजागर गर्ने प्रयत्न गरिएको छ । कमैयाहरुको स्थितीबारे

गैर सरकारी संस्थाबाट वि.स.२०४८ साल देखिनै अध्यायन भइराखेको छ । गैरसरकारी संस्थाबाट संचालित मुक्तका कार्यक्रमहरु साना तहका थिए । तर समय क्रम संगै कमैयाहरुले पनि आफ्नो मुक्तको सोच राख्न थाले र वैशाख १९ वि.स.२०५७ मा जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र दिई संघर्ष लाई निरन्तरता दिन थाले विभिन्न राजनैतिक दल, गैर सरकारी संस्था कमैया र सरकारी सबैको साझा प्रयत्नले श्रावण २ गते २०५७ सालमा विधिवत यस प्रथा बाट मुक्त भए ।

अहिले सम्मका कमैया प्रथाबारे त धैरै पुस्तक, लेख आदि लेखिए तर कमैया उन्मूलन पश्चात यिनीहरुमा आएका समस्या, विकृती, मानसिक, सामाजिक र आर्थिक स्थितीको एउटा समाजशास्त्रिय र मानवशास्त्रिय दृष्टिकोणले अध्यायन गरेर एउटा निष्पक्ष विवेचनात्मक यथार्थपूर्ण खोज तयार गरी सो सम्बन्धमा विभन्न वस्तुवादी निचोड निकाली समस्या समाधान गर्न उपयोगी वस्तुपरक सुझाव तयार पार्नु नै अध्ययनको महत्व हुने गरेको छ । हाम्रो समाज अझै अशिक्षा अन्धविश्वासमा अलमलिरहेको छ । अझै पनि सबैमा जनचेतना आईसकेको छैन ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रलाई निम्नलिखित तरिकाले संगठित गरिएको छ ।

पहिलो अध्ययनमा अध्ययको भूमिका, समस्याको कथन, अध्ययनको उद्देश्य र महत्वको बारेमा चर्चा गरिएको छ ।

दोस्रो अध्ययमा यस संग सम्बन्धित विभिन्न विद्वानहरुले विभिन्न पुस्तकमा प्रकाशित गरेका लेख रचनाहरुलाई साहित्यका रुपमा पुनरावलोकन गरिएको छ ।

तेस्रो अध्ययमा यसमा प्रयोग भएका अनुसन्धान पद्दति जस्तो तथ्याङ्कको स्रोत र प्रकृति तथ्याङ्क संकलन प्रविधि, तथ्याङ्क संकलन गर्ने साधनहरु अनुसन्धान ढाँचा आदिको बारेमा चर्चा गरिएको छ ।

चौथो अध्ययमा सम्बन्धित अध्यायन क्षेत्रको भौगोलिक, सामाजिक, सांस्कृतिक अवस्था विशेषताका बारेमा सामान्य जानकारीहरु प्रस्तुत गरिएको छ ।

पाँचौ अध्ययमा अध्ययन क्षेत्रबाट अध्ययनका लागि छनौटमा परेका व्याक्तिले दिएका प्रतिक्रिया उनीहरुको अवस्था आदिको बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

छैठो अध्ययमा अध्ययनबाट प्राप्त निष्कर्ष, साराश लाई प्रस्तुत गरिएको छ ।

# अध्याय -दुई

# सार्न्दभिक साहित्यको पुनरावलोकन

## २.१ कमैया प्रथाको परिचय

कमैया प्रथा मध्य तथा सुदुरपश्चिमका केही जिल्लाहरुमा खसगरी राना थारुतथा डगौरा थारु समुदायका साहु महाजन बाट ऋण फुकाउन नसक्दा सम्म साहुकहाँ बसि निशुल्क काम गर्ने र व्याज मिनाह गर्ने प्रथालाई कमैया प्रथा भनिन्छ । यो प्रथा कैलाली, कन्चनपुर, दाङ, बाके, बर्दिया, सुर्खेत लगायतका जिल्लामा पाउन सकिन्छ । यो कमैया प्रथा २०५७/०४/०२ गते तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारले अन्त्य गरेको हो ।

"बाधा श्रम त्यस्तो श्रम हो जो अरुको लागि गरिन्छ । कमैया बाधा श्रम जो नेपालको पश्चिमी तराईमा रहेको छ जुन पूर्वी तराईको कृषि श्रम भन्दा फरक रहेको छ ा समाज कल्याण मन्त्रालयको अध्यायन कमैया र बाधा श्रम एउटै हो भनी परिभाषित गरिएको छ । "नेपाली बृहत शब्द कोषमा बाधा श्रमलाई यसरी परिभाषित गरिएको छ । रुपैया सापट लिएवापत सो रुपैया नकटुन्जेल नोकरी गर्ने कबुल गरी बसेको व्यक्ति कमारो । कमैया भन्नाले त्यस्तो साहसिक परिश्रमिक वलवान र शक्तिवान श्रमिक हुन अर्थात कथित किसान हुन जो आफ्नो परिवार सहित भूमिपतिकोमा काम गर्दछन । उसका पशु वा त्यस्तै कृषि सँगै सम्बन्धित कार्य गर्दछ । आफ्नो परिवार सहित भूमिपति बाट ऋण लिएर वा नलिएर पनि काम गरेको हुन सक्छ यसलाइै कमैया भनिन्छ । कमैया एउटा श्रमिक हो जो कडा परिश्रम एकलै वा परिवारका सदस्य संग मिलेर पनि गर्दछन् ।

संयुक्त राष्ट्रसंघको दासत्व, दास, व्यपार र दायित्व समान संस्था र अभ्यासहरुको उन्मूलन सम्बन्धि पुरक महासन्धी ( १९५७ ) ले बाधा भन्नुको अर्थ अन्य व्यक्तिको अधिनमा जग्गामा कानुन, परम्परा अथवा सहमतिद्धारा वस्न श्रम गर्न तथा त्यस्ता अन्य व्यक्तिको लागि परिवेषिक विना केही निश्चित सेवा प्रदान गर्न बाध्य र आफ्नो स्थिती परिवर्तन गर्न स्वतन्त्र नभइएको कृषकको अवस्था वा स्थिति भनेर परिभाषित गरिएको छ ।

कमैया वास्तवमा एउटा कामदार हो तर अन्य कामदार भन्दा फरक छ । विभिन्न कारणले बाधा हुन्छन । थारु भाषामा कमैया शब्दको अर्थ अर्काको जग्गामा खेती गर्ने हुन्छ ( जिफन्ट २००१ ) ।

## २.२ पूर्व साहित्य समिक्षा

नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्ने जातजातिहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षेबारेमा विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुद्धारा समय समयमा अध्ययन गरेको पाइन्छ । नेपालको सांस्कृति विविधताले गर्दा विदेशी अनुसन्धान कर्ता नेपालमा बसोबास गर्ने जातिहरुको अध्ययन गर्ने तर्फ आकर्षित भएको पाइन्छ ।

विश्वको इतिहास हेर्दा दास प्रथा इसा पूर्वक २३/२४ सय वर्ष अर्थात आज भन्दा करीब ४४०० वर्ष प्राचिन कालदेखि चलि आएको देखिन्छ । पहिले लडाइमा जित्ने पक्षले हार्ने पक्षलाई दास दासि बनाई बैरी साधना गर्ने गर्दथे । यस्तै दास प्रथालाई प्रश्रय दिनेमा कंगाल आमा बाबु पनि हुन्थे । यिनीहरु पेट पाल्नका लागि आफ्नो सन्तानलाई बेच्ने गर्दर्थे । दास प्रथाको सुरुवात मोटामोटी रुपमा यस्तै प्रकारबाट  भएको पाइन्छ । यो प्रथाले पछि आएरर एउटा सामाजिक अभिषापको साधारण गऱ्यो र एउटा व्यवसाय नै बन्न पुग्यो । केहि धनि सामन्ति हरुले यसबाट धेरै फाइदा लिए ।

कुनै समयमा कति राष्ट्रमा त दासहरुको खरीद बिक्रिका लागि बजारको व्यवस्था पनि गरिएको थियो । एक देश बाट अर्को देशमा समेत मालसामान झै दासहरुको आयात निर्यात गरिन्थो । यसरी ढुवानी गर्दा महिनौ सम्म जहाजमा हलनचल भएर केही मर्थे भने केही घाईते हुन्थे । यी दुर्दशा भोग्नेहरु मध्ये सबभन्दा बढी संख्या अफ्रिकाली हब्सीहरुको थियो ( श्रमराम चौधरी १९९८ ) ।

एउटा मानिसले अर्को मानिसलाई दासको रुपमा प्रयोग गर्ने जसले उत्पादन गर्छ उसको उत्पादित वस्तुमा हक नभएको अवस्थामा बाँच्न विवश मन्छेहरुको देशको रुपमा नेपाल विश्व सामु देखा पऱ्यो । यसरी नेपालमा दास प्रथालाई कमारा कमारी भनिन्थो । प्राय यिनीहरु घर्ती जातका हुन्थे । नेपालमा दाँस प्रथा लिच्छवी काल देखि नै चलेको देखिन्छ । मल्लकालमा पनि दास दासि विषयमा कानूनी व्यवस्था थियो । राजा जयस्थिती मल्लको समयमा बनेको मानव न्यायशास्त्रमा १५ प्रकार बाट दास हुने कुरा उल्लेख गरिएको थियो ।,

त्यस्तै अनुरुप रणबहादुर शाहको शासनकालमा वि.स.१८६२ मा दास प्रथा अन्त्य गर्ने प्रयास भई वि.स.१८६५ मा मानिस विक्रि गर्न निषेध गरिएको रुक्का जारी गरिएको थियो । वि.स.१९५८ साल वैशाख २ गते नेपालमा दास प्रथा तत्कालीन प्रधानमन्त्रीले दास प्रथा रोक्ने सम्बन्धमा भाषण गरी सोही वि.स १९५८ साल जेठ ३० गते कमारा कमारी बेच्न निषेद गरी नयाँ ऐन बनाए । वि.स १९८२ साल वैशाख १ गते नेपालका दास प्रथा उन्मूलन गर्ने कानुन बनाए । यसरी रणबहादुर शाहको शासनकाल वि.स. १८६२ मा दास प्रथा अन्त्य गर्ने प्रयास भए पनि १२० वर्ष पछि मात्र राणा प्रधानमन्त्री चन्द्रशमशेरका पालामा दास प्रथाको अन्त्य भएको घोषणा गरिएको थियो । यसरी चन्द्रशमशेरले दास प्रथा अन्त्य गर्ने घोषणा लाई नेपालमा दास प्रथा उन्मूलन गर्ने क्रममा एउटा युगान्तकारी घटनाको रुपमा स्वीकारियो । तथापी चन्द्रशमशेरले त्यो घोषणाको तत्कालिन कानुनले पनि नेपालमा रहेको दासप्रथाको निर्मूल हुन सकेन । २००७ सालमा राणा शाशनको अन्त्य भएपछि रैती बाट नागरीक भएका प्रजातान्त्रीक मुलुक नेपालमा धेरै विपन्न मानिसहरुको झुपडीमा प्रजातन्त्र पुग्न सकेन । संसारमा उत्कृष्ट व्यवस्थाको रुपमा रहेको व्यवस्था केवल सम्पन्न र टाठावाठाहरुले मात्र उपयोग गरे । विपन्नले न्यूनतम मानव अधिकार पनि उपयोग गर्न पाएनन् । अधिकांश विपन्न रहेका देशमा उनीहरु अधिकार विहीन भई दासत्वको जन्जीरमा वाँधिएको अवस्था एकातिर थियो भने मुट्ठी भर सामन्तहरु राष्ट्रको सम्पति हसुलेर गरीब माथि शोषण गर्न तल्लीन रहे । प्रजातन्त्र विरुद्धको यो संस्कारले प्रजातन्त्र नै २०१७ सालमा समाप्त भयो ( धिताल,२०५७ ) ।

२०१७ साल पछि देशमा पंन्चायती कालरात्रीको शुरुवात भयो । यस कालमा शोषण दमनले चरम रुप धारण गऱ्यो । कानुनमा उल्लेख भएका प्रावधान हरुलाई समेत निष्कृय तुल्याई शासकहरुले मनोमानी तरीकाले विपन्न दासहरु माथि शाोषण गर्ने कार्य मात्र गरिरहे । देशका विपन्न मानिस जुन कृषि कार्यमा संलग्न थिए, खाद्यान्न समेत उत्पादन गर्ने, तिनीहरुमा नै भाोक भोकै मर्नु पर्ने अवस्थाको सृजना भएपछि ती मानिसहरु बाध्यतावश अर्काको घरमा कमैया बसी बाँधा श्रम गर्नु पर्ने भयो । खान लाउन समेत नपुग्ने ज्यालामा २४ सै घण्टा मालिको घरमा काममा खट्ने बिरामी भएको बेला समेत विदा नपाउने अवस्थामा काम गर्न बध्य भएका कमैयाका परिवार कालदेखि वृद्ध सम्म मालिकको घरमा अहोरात्र ( निरन्तर ) काम गर्दा पनि तिनीहरु लाई खान नपुग्ने मात्र नभई वर्षे पिच्छे ऋण रकम सौकी बढदै गएपछि सन्तान दर सन्तान मालिकको घरमा बाँधा श्रम गर्नु पर्ने बाध्यता

भयो । सबैको प्रयासमा २०४६ सालको संविधानमा समेत नागरिकहरुलाई मौलिक हकको व्यवस्था गर्ने काम मानिसलाई दास तुल्याउन बनाउन र कुनै किसिमले निजको इच्छा विरुद्ध काम लगाउन निषेध गरिएको कुरा संविधानमा उल्लेख गरिएको अवस्था एकातिर छ भने अर्कोतिर देशमा प्रजातान्त्रीक पार्टीहरुले घाम, पानी, हावा भूमिमा जसले उपयोग गर्छ, त्यसैको अधिकार हुन्छ र कसैले पनि संविधान विपरीत कसैलाई बाँधा श्रमिक बनाउन नपाइने दिशामा हामी काम गर्छौं भनी आफ्नो चुनावी घोषणा मार्फत दास प्रथाको उन्मूलन गर्ने कार्यमा प्रतिवद्धता जनाएका थिए । तथापि देशमा रहेको प्रजातान्त्रीक संविधान र पार्टीका घोषणा पत्रलाई उपहास गरिरहेको दास ( कमैया ) प्रथाले देशभित्र खास गरी बाँके, बर्दिया, कैलाली, कन्चनपुर र दाङ्ग जस्ता मध्य तथा सुदूर पश्चिममा अझ तिव्र गतिमा विकराल बढदै गयो । हुन त श्रम ऐन २०४८, जिउमास्ने बेच्ने ऐन २०४३, मुलुकी ऐन ज्याला मजदुर महल स्वयत शासन ऐन २०५५, नागरिक अधिकार ऐन २०१२, समेतका कानूनहरु नेपालमा बनी धेरै पटक आवश्यक संशोधन समेत भइसकेको अवस्था छ । यिनै कानून बनाउने प्रतिवद्धता अनुरुप नेपालले दासत्व महासन्धि १९२६ सेप्टेम्बर २५ तथा महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धि समेत अन्तराष्ट्रिय महासन्धिहरुमा दासत्व दास व्यपार र दासत्व समान संस्था र अभ्यासहरुको उन्मूलन सम्बन्धी पूरक महासन्धि समेत महासन्धी समेत अन्तराष्ट्रिय महासन्धीहरुमा एकै पटक ७ जनवरी १९६३ मा अनुमोदन गरिसकेको छ । यसरी देशमा विधमान शोषण बाँधा श्रमलाई अपराधको रुपमा विभिन्न कानुनले संविधानको मर्म अनुरुपको बाँधा श्रमिकको स्पष्ट परिभाषा गरिएको पाईदैन ।

२०५६ साल पौष २९ गते श्रम मन्त्रालयबाट प्रकाशित सूचनामा कृषि मजदूरको न्यूनतम ज्याला र कामको अवधि समेत निश्चित गरिएको भएता पनि कानूनको व्यवस्था गर्ने निकायले त्यस्ता कानूनहरुको गलत व्यवस्था गरी दिनाले देशको संविधान तथा दासत्व मोचन गर्ने विभिन्न कानून भएता पनि कमैयाहरुले कानूनि उपचार पाउन नसकि बाँधा श्रमको रुपमा बाँच्न बाध्य भएका थिए । कमैया सम्बन्धमा हाल सम्म लेखिएका विभिन्न पुस्तक तथा पत्र पत्रिकामा लेखिएका सान्दर्भिक साहित्यिक टिपोटलाई यहाँ प्रस्तुत गरिएको छ ।

कमैया भन्नाले आफ्नो र परिवारको भरण पोषणका लागि स्थानीय साहू ( जमिनदार ) हरु कहाँ न्यूनतम् ज्यालामा काम गर्ने पिडित भूमिहिन र थोरै मात्रै भूमि भएका किसानलाई कमैया भनि उल्लेख गरेको पाइन्छ। नेपालको सर्न्दभमा कमैया भन्नाले आफ्नो परिवारका सदस्यहरुको पालन पोषणका लागि स्थानीय साहू महाजन कहाँ आूफ्नो श्रम बेची जीविकोपार्जन गर्ने कृषि मजदुर भन्ने जनाउँछ । कमैया प्रथा अहिलेको प्रजातान्त्रीक अवस्थामा पनि एउटा अभिषाप र दासत्वको अवशेष हो यस बाट स्पष्ट हुन्छ कि नेपालको अहिलेको प्रजातान्त्रीक अवस्थामा पनि कमैया प्रथा हुनु भनेको एउटा अभिषाप हो।

कमैया शब्दको आधुनिक अर्थ बधुवा मजदूर हरु छन् ती मध्ये कमैया प्रथा सम्भवतः सबै शोषणकारी रुप हो । यो प्रथा नेपालका सिनेमा र पर्वतरोहणमा छैन अपितु नेपालका तराइका मैदानमा प्रचलित छ । कमैयाहरुको सबै भन्दा ठूलो संख्या आदिवासी थारुहरुको छ। कमैया प्रथा कृषि मजदूर र जमिनदार बीच हरेक वर्ष हुने करारमा आधारित छ ( शर्मा १९९८ )।

नेपालको पश्चिमेली थारु जातिको भाषामा वार्षिक तोकुवा ज्याला वा श्रमिकले उत्पादनको निम्ती श्रम गर्नै जमीन मध्येबाट भुमिपतिले तोकिदिएको जमीनको उत्पादनमा वार्षिक ज्याला पाउने गरी अलिखित करारमा करार अवधि भरि अन्यत्र कतै जान नपाउने गरी काममा कृषि श्रमिकलाई कमैया भन्ने चलन छ (ओझ २०५९ )।

कमैया मुक्ति आन्दोलन २०५७ को उक्त लिखित सामग्रि बाट स्पष्ट हुन्छ कि नेपालको सर्न्दभमा कमैया भन्नाले आर्थिक स्थिती कमजोर भएको कारण बाध्यतावश अर्काको घरमा काम गर्ने कामदार भन्ने जनाउँछ । शाब्दिक अर्थ अनुरुप बुझ्ने हो भने कमैया भनेको कमाउने मानिस हो ( गौतम २०४४ )।

माघिमा थारु जातिमा घर परिवार सबै जुट्ने अनि सबै किसिमका काम बाट फुर्सद लिने गर्दछन्। त्यतिबेला किनबेच भएका भू-दास जमिनदारको पटक-पटक बेचिने मान्छे जसलाई कमैया भनिन्छ। यिनीहरु माघ महिनामा दासको नविकरण गरेर पुनः बस्ने करार गर्ने या नयाँ भुमिपतिकोमा बेचिएर पुरानैकोपैसा चुक्ता गर्ने गरी माघिमा मुक्त भएर माघि चाड मनाउने चलन छ ( घिमिरे २०५२ )।

कमैयाको अर्थ शब्दकोषमा यसरी दिइएको छ । सारै जोतिन सक्ने, कमाइबाल, आर्जनी, पौरखी वा हिम्मती, जग्गा धनिबाट नगदी वा जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने वा सो सरहका  किसान ( इन्सेक २०४९ ) ।

हलिया शब्द "हलो" शब्दबाटै बनेको हो जसको शाब्दिक अर्थ हो हलो जोत्ने मान्छे । तर वास्तविक अर्थ बुझ्दा यसको अर्थ  श्रमिक हो जो अरुको खेतमा काम गर्छ । क्षेत्र क्षेत्रमा यसलाई हलि अथवा हरुवा शब्दले बुझ्न सकिन्छ । सुदूर पश्चिमका केहि जिल्लाहरुमा हलिया शब्दको सट्टा "कमैयाको" प्रयोग हुन्छ,, यद्यपि कमैया शब्दले थारु समुदायको ऋण बाँधा श्रमिक बुझाउने गर्दछ ( रोवर्टसन र मिश्र, १९९७ ) ।

खेतीका लागी स्थायी रुपमा प्रयोगमा ल्याइएका मजदुरलाई नै कमैया भनिन्छ ।  यसबाट स्पष्ट हुन्छ कि नेपालको सर्न्दभमा कमैया खेतीको लागी स्थायी रुपमा प्रयोगमा ल्यइएको कृषि मजदूर भन्ने बुझिन्छ । नेपालको पश्चिमेली थारु जातिको भाषामा वार्षिक तोकुवा ज्याला वा श्रमिकले उत्पादनको निम्ति श्रम गर्ने जमीन मध्येबाट भूमिपतिले तोकिदिएको जमीनको उत्पादनमा वार्षिक ज्याला पाउने गरी काममा लगाउने कृषि श्रमिकलाई कमैया भन्ने चलन छ ।

थारु भाषाको ठेट शब्द कमैयाको अर्थ दास होइन काम गर्ने मानिस हो । परन्तु कमैया प्रथा जुन समयमा ककायम थियो । त्यस समयमा यो सर्वथा अमानवीय र उहित्यै उन्मूलन भई सकेको दास प्रथाको अवशेष जस्तै थियो । कमैया मुक्ति तथा पुर्नस्थापना कार्यक्रम प्रतिवेदन (२०६० भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिहदरबार ) ।

कैलाली वाँसखेडाका श्रीपुरका कमैयाको अध्ययनमा सामाजिक आर्थिक शोषणमा नै कमैया प्रथा अडेको उल्लेख छ । यहाँ उल्लेखित अध्ययनहरु २०५७ साल श्रावण भन्दा अघि कमैया मुक्त हुनु पूर्वका अध्ययनहरु हुनु त्यस भन्दा पछि नभएका अध्ययनहरुमा जिफन्ट  ले ५ वटै जिल्लाका कमैयाहरुको मुक्ति पश्चातको आर्थिक सामाजिक स्थितीबारे अध्यायन गरिएको छ । यस अध्ययनमा सरकारले प्रत्येक मुक्त कमैया परिवारलाई प्रति परिवार ५ कट्ठाका दरले जग्गा उपलब्ध गराउने भनेता पनि कार्यान्वयन हुन नसकेको धेरै जसो कमैया परिवारहरु लाई जग्गा उपलब्ध प्रमाण पूर्जा वितरण गरेको भएता पनि जग्गा उपलब्ध नगराइएको उल्लेख छ ।  आई.एल. ले कमैया वालवालिकाको अध्ययन गरी भूमिहीन भएकै कारण मुक्त

कमैयाहरुका बालबालिकाहरु बढी बाल श्रममा संलग्न भएको कृषिमा आधारित समाजमा भूमिहीन भएकै कारण कमैया परिवारहरुमा गरिबी व्याप्त रहेको र कमैया परिवारले गरिबी संग जुध्नको लागि र ऋणबाट मुक्ति पाउनकै लागि आफ्ना बालबालिका हरुलाई विद्यालय पठाउनुको सट्टा काममा पठाउने गरेको उल्लेख गरिएको छ ।

थारु जातिको विवाहमा कन्यादानको कार्यक्रमा विधिविधान पूर्वक कमैले गर्दछन् । गरीब परिवारमा यो कार्यक्रम नै हुदैन् तर हाल आएर अन्य जातिको देखासिकीमा यो कार्यक्रमले पनि पश्रय पाउँदैछ । वर्षौ देखि गरिदै आएको परम्परागत विवाह थारु समाजमा अब विस्तारै लोप हुदै गएको छ । अन्य रिती संस्कृतिमा जस्तै विवाह परम्परामा पनि आधुनिकता भित्रिदै आएको छ । थारु समाजमा बाल विवाह एक विकराल समस्या हो । यो समस्याको लागि थारु कल्याणकारी सभाले केही सकारातमक कदम चाल्नाले पहिलेको दाजोमा कम देखिएको भएतापनि निर्मूल पार्न सकिएको छैन । थारु विवाहा जाड रक्सीको अत्याधीक प्रचलनले विवाह अत्यान्तै खचिलो हुदै आएको छ ( कृष्ण चौधरी २०५७ ) ।

यसरी विभिन्न विद्धानहरुले नेपालको तराई तथा भित्रि मधेशमा बसोबास गर्ने आदिवासी थारुजातिको उत्पति, बसोबास, सामाजिक, साँकृतिक तथा आर्थिक अवस्थाको बारेमा विभिन्न अनुसन्धानहरु गरेको पाइन्छ ।

# अध्याय-तीन

# अनुसन्धान विधि

प्रत्येक अनुसन्धान कार्यमा अनुसन्धान विधिको प्रायोग गरिएको हुन्छ । अनुसन्धान विधि विनाको कार्यले अनुसन्धान पुर्ण हुदैन भने एउटा मात्र अनुसन्धान विधिले सूचनाको स्रोत प्रस्तुत गर्न सकिदैन् । तसर्थ यहाँ विभिन्न प्रकारका अध्ययन विधिबाट तथ्यानङ्क सँकलन गर्ने काम गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौट

कमैया प्रथाको चलन भएका जिल्ला मध्ये एक प्रमुख कैलाली जिल्लालाई छनौट गरिएको छ । कमैया मुक्तिको अध्ययन गर्दा सबै क्षेत्रको अध्ययन गर्न सम्भव नहुने र एकै पटक गर्ने लक्ष्य पनि नभएकोले एउटा अध्ययन क्षेत्र निर्धारण गर्दा सजिलै अध्ययन गर्न सकियोस र अध्ययनले कमैयाको जनघनत्व भएको मूल क्षेत्रलाई ढाकोस तथा अध्ययन नतिजा समुच्च मुक्त कमैयाहरुको वास्तविक स्वरुप देखाउन सक्षम होस् भन्ने दृष्टिकोणलाई प्राथमिकता दिइएको छ । किनभने धनगढी पूरानो एयरपोर्ट शिविर कैलाली जिल्लामा पहिले देखिनै बस्दै आएका छन् । जसमा ८० घरपरिवार भित्र ४०० सदस्य संख्या रहेका छन् । जुन धनगढी नगरपालिकामा वडा नं. ५ मा रहेको छ र त्यस कारण यो शिविरमा नै मुक्त कमैयाको वास्तविक स्वरुप भएको कारण यस क्षेत्रलाई अध्ययनको लागि छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययन अनुसन्धानलाई उद्देश्य मूलक बनाउने कार्यमा अध्ययन अनुसन्धान ढाँचाको अत्यान्तै महत्वपुर्ण भूमिका रहन्छ र यस अनुसन्धान कार्यको लागि मुख्य गरी वर्णनात्मक शोधयोजनालाई प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन ढाँचामा आधारित हुने यस अध्ययनको मुख्य चासो थारु जातिको सामाजिक आर्थिक स्थितिलाई गहन रुपमा अध्ययन गर्नु रहेको छ । त्यसैले संख्यात्मक तथा गुणात्मक तथ्यांक प्राप्तिको लागि स्थलगत अध्ययन बढी उपयुक्त हुने गर्दछ । शोधकार्यका प्रत्येक चरणलाई योजनाबद्ध ढाँचामा क्रमिक रुपले अध्ययन गरी आएको निष्कर्षबाट अध्ययन विषयको विविध पक्षबारे जानकारी दिईएको छ ।

### ३.३. तथ्याङ्कको प्रकृति

यस शोध कार्यको लागि गुणात्मक तथा संख्यात्मक दुवै प्रकारका तथ्यांकलाई प्रयोगमा ल्याइएको छ । तथ्यांक प्राप्तिको लागि प्राथमिक र द्वितिय स्रोतलाई प्रयोगमा ल्याइएको छ । प्राथमिक स्रोतमा प्रश्नावली, अन्तवार्ता तथा अवलोकन जस्ता तथ्यांक संकलनका विधि प्रयोग गरिएको छ भने द्वितिय स्रोत अन्तर्गत विभिन्न पुस्तक, प्रकाशित तथा अप्रकाशित लेख रचना शोध आदिलाई प्रमुख आधार बनाएको छ ।

### ३.४. अध्ययनको समग्रता र नमुना

यस अनुसन्धान धनगढी महानगरपालिका वडा.नं. ५ पुरानो एयरपोर्ट शिविरमा थारु जातिको बसोबास रहेको छ । यस वडामा मुक्तकमैयाहरुको जम्मा घरधुरी संख्या कुल ८० भएकोले सबै घरधुरीको अध्ययन गर्न नसकिने भएको हुदाँ कुल घरधुरी संख्या मध्ये बाट दैविक छनोट (Random sampaling ) को आधारमा चिट्ठा विधिबाट ८० घरपरिवार मध्ये ५० घरपरिवारलाई नमुनाको रुपमा छानिएको छ । यसलाई प्रतिशतमा लग्दा ६२.५ % रहेको छ र प्रत्येक घरधुरीबाट १ जनासंग प्रश्नावलीको सहायता लिई तथ्यांक संकलन गरिएको छ ।

### ३.५. तथ्यङ्क संकलन विधि

तथ्यंक संकलनका लागि प्राथमिक तथ्यंक संकलन तथा द्वितिय तथ्यांक संकलन विधिलाई प्रयोगमा ल्याइएको छ ।

### ३.५.१ प्राथमिक तथ्यांक संकलन

तथ्यंक संकलनको लागि स्थलगत अध्ययन हुनु अनिवार्य भएकोले स्थलगत अध्ययन गरी निम्न विधि अपनाई तथ्यांक संकलन गरीएको छ ।

#### (क) प्रश्नावली

पुरानो एयरपोर्ट शिविरम बसोबास गर्ने सम्पूर्ण थारुजाति मध्ये यस अध्ययनको क्षेत्र रहेको वडा नं. ५ मा थारु घरधुरीमा गई उनीहरुसंग शोधकर्ता आफैंले भेटेर प्रश्नावलीका प्रश्नहरु सोधी तथ्यांकसंकलन गरीएको छ । प्रश्न सोध्दा घरमूली तथा थारु जातिबारे आवश्यक

जानकारी दिनसक्ने व्यक्तिहरुलाई छनोट गरीएको थियो । प्रश्नावलीको प्रयोग गर्दा एउटा निश्चित ढाँचामा तयार गरिएको प्रश्नावलीलाई प्रयोग गरिएको थियो । यस विधिबाट थारु जातिको घर, परिवार संख्या, शिक्षा, स्वस्थ्य, जग्गाजमिनको स्वामित्व, पेशा, शीप आदि जस्ता महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ ।

### (ख) अर्न्तवार्ता

थारु जतिको इतिहास, संस्कृति, परम्परा आदिबारे जानकारी हासिल गर्न अन्तरवार्ता विधिद्धारा तथ्यांक संकलन गरिएको छ । अध्ययन क्षेत्रमा नै गएर त्यहाँका बासिन्दासंग अन्तरवार्ता लिई उनीहरुको धारणा, विचार मान्यता बारे तथ्यांक संकलन गरिएको छ ।

### (ग) अवलोकन

थरु जातिको दिनचर्य, खानपीन, रहनसहन, खेतीपाती तथा घरायसी काममा महिला पुरुष सहभागिता जस्ता अध्ययनका पक्षबारे अवलोकन विधिलाई तथ्यांक संकलन गरिएको छ । प्रत्यक्ष अवलोकन विधिबाट प्राप्त हुने जानकारी तथा तथ्यांकहरुबाट निकालिने निष्कर्ष बढी प्रमाणिक र विश्वसनीय हुनेछ भन्ने विश्वास लिएएको छ ।

### ३.५.२ द्धितिय तथ्यांक संकलन

द्धितिय श्रोतबाट तथ्यांक लिनको लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्था, व्यक्ति तथा अन्य श्रोतलाई आधार बनाइएको छ । केन्द्रीय तथ्यांक विभाग, सम्बन्धित गा.वि.स मा रहेका अभिलेख, पत्रपत्रिकामा प्रकाशित भएका लेख रचना, विभिन्न विद्धानद्धारा लिखित शोधपत्रलाई  द्धितिय तथ्यांक संकलनको लागि प्रयोग गरिएको छ । खासगरी थारुजातिको परिचय तथा उत्पतिबारेको विश्लेषण द्धितिय तथ्यांकको श्रोत संकलनबाट प्राप्त जानकारीमा आधारित छ ।

## ३.६. तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

अध्ययनको लागि छनौटमा परेका उत्तरदाता संग तथ्याङ्क संकलन गर्ने क्रममा अर्न्तवार्ता, अवलोकन छलफलका माध्याम बाट संकलन गरिएको छ । कुनै पनि अध्ययन अनुसन्धान विधिमा तथ्याङ्क संकलन गर्दा विभिन्न विधि द्धारा कार्य वा अध्ययनहरु गरिन्छ । यस विधिमा मुक्त कमैया हरुको आर्थिक र सामाजिक स्थितीको बारेमा अध्ययन गर्दा विभिन्न अध्ययन

अनुसन्धान विधिहरुबाट अध्ययन गरिन्छ । प्राथमिक तथा द्वितीय स्रोतबाट संकलन गरिएका तथ्याङ्कलाई प्रस्ट पार्नका लागि तालिका र सैद्धान्तिक आधारको व्यख्या विश्लेषण द्वारा तथ्याङ्को प्रस्तुतीकरण गर्नु पर्दछ । तथ्याङ्को वैज्ञानिक प्रस्तुतीकरणका लागि तालिकाहरुबाट पनि देखाउन सकिन्छ । मुक्त कमैयाहरुको आर्थिक अवस्था कस्तो छ र यसलाई कुन- कुन कुराहरुले प्रभाव पारेको छ भन्ने प्रश्नलाई मूल आधार मानेर अध्ययनको रुपमा लिएको पाइन्छ । जुन विधिमा वर्तमान समयमा अस्तित्वमा रहेका अवस्थाहरुका बारेमा सूचना संकलन गरी तिनीहरुको आर्थिक, सामाजिक र राजनैतिक स्थितीका बारेमा पनि सबै पक्षको विवरण तयार गरी वर्णन गर्ने भएकाले यस विधिमा वर्णनात्मक अनुसन्धान विधिको प्रयोग गरीएको छ । कमैयाहरुको आर्थिक अवस्थाको बारेमा तथ्याङ्क संकलन गर्दा यसमा वर्णनात्मक अनुसन्धान विधिद्धारा यसको विश्लेषण गरेको छ । त्यसैले जुनसुकै विधिका बारेमा सूचना संकलन गर्दा विभिन्न प्रकारका अनुसन्धान विधिको प्रयोग हुन्छ र यस कार्यमा वर्णनात्मक अनुसन्धान विधिको प्रमुख भूमिका रहेको छ ।

### ३.७ अध्ययनको सिमा

यो अध्ययन कैलाली जिल्ला धनगढी पूरानो एयपोर्ट वडा नं. ५ मा वस्दै आएका मुक्त कमैयाहरुको अध्ययन हो । यो अध्ययनको नमूना छनौट नै सानो संख्यामा भएकोले यसले सम्पूर्ण कमैयाहरुको प्रतिनिधित्व नगर्न सक्छ । यस अध्ययनले यस क्षेत्रका मुक्त कमैयाहरुको सामाजिक पक्षमा पारिवारिक संरचना, शैक्षिक स्थिती, उमेर र लिङ्गगत आधारमा जनसंख्याको बनौट, आर्थिक पक्षमा पेशा, पशुपालन, जग्गा जमिनदारको वितरण, उत्पादन आदि कुराहरुलाई लिएको छ ।

यस अध्ययनबाट हुने धारणा, विचार खोज तथा सत्यता अरु जिल्लाको अध्ययन भन्दा भिन्न हुन सक्ने छ । प्रस्तुत अध्ययन आंशिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले गरिएको हुदाँ धेरै ठूलो क्षेत्र ओगट्न असमर्थ भएकोले उपरोक्त धनगढी पूरानो एयरपोर्ट शिविरमा रहेका ८० घरपरिवार मध्ये ५० घरपरिवारका एक एक जना मुक्त कमैयाहरुलाई मात्र लिइएको छ । यहाँ ६२.५ % कमैयाहरुलाई लिइएको छ । यो अध्यायन उक्त ठाँउमा गरिएको स्थलगत अध्ययन तथा हाल सम्म प्रकाशित पुस्तकहरु तथा पत्रपत्रिका हरु बाट प्राप्त जानकारी संग सम्बन्धित छ ।

# अध्याय- चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ कैलाली जिल्लाको परिचय

कैलाली जिल्ला नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा अवस्थित समथर भूभाग तथा पहाड मिश्रित जिल्ला हो । यस जिल्लाको क्षेत्रफल ३,२३५ वर्ग किलोमिटर र जनसंख्या (२०६८) मा ७७५,७०९ रहेको छ । जसमा पुरुष ३७८,४१७ रहेका छन् भने महिला ३९७,२९२ रहेका छन् । यस जिल्लामा २०६८ को जनगणना अनुसार थारुजातिको जनसंख्या जम्मा ३२२,१२० रहेको छ । जसमा पुरुष थारुहरुको जनसंख्या १६०,०५२ रहेको र महिलाको संख्या १६२,०६८ रहेको छ । यस जिल्लामा ६ वटा नगरपालिका रहेका छन । लम्की चुहा नगरपालिका, टीकापुर नगरपालिका, अत्तरिया नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी-त्रिशक्ति नगरपालिका र धनगढी उपमहानगरपालिका रहेका छन् ।

कैलाली जिल्लाको नामाकरण सम्बन्धमा विभिन्न मतहरु रहेका छन् । ती मध्य प्रमुख मत यसप्रकार रहेका छन् । परापूर्वक कालमा कैलाली जिल्लामा कालाबन्जरको राज्य थियो र उनीहरुको सदरमुकाम आजको कैलाली नाम गरेको गाउँ थियो । त्यस ठाउँलाई परहले कालापानी भन्ने गरिन्थ्यो । पहिलेको समयमा कसैले अपराध गरेको खण्डमा अपराधिहरुलाई यसै ठाउँमा पठाएर सजाय दिने गरिन्थ्यो । माथि कालापानि नामले बग्ने नदी  खुटिया खोलाको नामले प्रसिद्ध छ । सम्भवत यही कारणले पनि शब्दको अपभ्रस हुदै गएर यसको नाम कैलाली रहेको हुन सक्छ ।

प्रधानमन्त्री श्री जङ्गको समयमा कैलाली नयाँ मुलुकको रुपमा नेपाललाई हस्तान्तरण गरिएको थियो । यस जिल्लालाई पूर्वमा कैलाली नदी, दक्षिणमा मोहना नदी, पश्चिमा पनि मोहना नदी, उत्तर पूर्वमा कैलाली नदी र उत्तरमा पश्चिममा चुरे डाँडाले घेरेका छन् । राजैतिक सिमानाको दृष्टिकोणबाट यो जिल्लाको पूर्वमा बर्दिया जिल्ला, दक्षिणमा नेपाल भारत सिमानाको दश गजा, पश्चिममा कञ्चनपुर जिल्ला, उत्तर पूर्वमा सुर्खेत जिल्ला र उत्तर पश्चिममा डोटी जिल्ला पर्दछन् । यो जिल्ला अन्दाजी २८.२२ उत्तर देखि २९.५ उत्तर सम्म र ८०.३० पूर्व देखि ८१.१८ पूर्व देशान्तर भित्र पर्दछ । ३,२३५ वर्ग किलोमिटरमा

रहेको छ भने पहाडी भाग ४०.३ र तराई ५९,७ रहेको छ । यस जिल्लाको सबैभन्दा अग्लो स्थान भनेको १,९५० मिटर रहेको छ र होचो स्थान १०८ मिटर रहेको छ ।

## ४.२ सामाजिक अवस्था

### ४.२.१ जनसंख्या र जनजीवन

**जनसंख्या**- वि.स २०६८ सालको जनगणना अनुसार यस जिल्लको जनसंख्या ७७,५७०९ रहेको छ । यस जिल्लामा प्रदेश नं.७ को राजधानी पनि यहि रहेको छ । यस जिल्लाको क्षेत्रफल ३२३५ वर्ग कि.मि. रहेको छ । यस जिल्लामा ५ वटा निर्वाचन क्षेत्र र ६ वटा गाँउपालिका रहेका छन् भने ६ वटा नगरपालिका छन् : गोदावारी नगरपालिका, टिकापुर, लम्की-चुहा भजनी त्रिशक्ती, घोडाघोडी र गौरीगंगा नगरपालिका रहेका छन् र उपमानगरपालिका धनगढी रहेको छ ।

**जनजीवन**- यस जिल्लामा हेर्नुपर्दा विभिन्न भाषा अनुसारका अथवा विभिन्न जाति अनुसारका मानिसहरु रहेका छन् यस जिल्लाका छिमेकी पहाडी जिल्लाहरु जस्तैः डडेलधुरा, दैलेख, अछाम, बाजुरा र बझाङ्ग बाट बासाईसरी आएका हरुको संख्या बढ्दै गइरहेको छ । यस्तै छिमेकी राष्ट्र भारतबाट पनि केहि व्यापारिक दृष्टिकोणले आई बसोबास गरेका छन् । यस जिल्लामा बहुसंख्यक जातिको रुपमा रहेका थरु जातिमा राना, कठरिया र डङ्गौरा थारुहरु पाइन्छन् । कैलाली जिल्लामा विभिन्न तहमा बाडिएको छ । जिल्ला भित्रै सबै ठाउँमा मुख्यत : थारु जातिकै वस्ती बढी छ तापनि ठाँउ ठाँउमा समिश्रण पनि भएको पाइन्छ । रेकबारमा रानाथारु त्था अरु जातमा बाहुन, क्षेत्री, ठकुरी, मुसलवान, नेवार, दमाई, कामी आदि छन् । यस्तै गरी परिहारमा धेरै दङ्गौरा थारु, केही राना थारुको साथै ब्राहमण, क्षेत्री, नेवार, दमाई, कामी आदी छन । लिक र बोक्टानहरुमा दङ्गौरा थारुको वस्ती धेरै छ । समग्रमा हेर्दा कैलाली जिल्लामा विभिन्न ठाँउमा थारु जातिको संख्या बढी रहेको पाइन्छ ।

### ४.२.२ भाषा

यस ठाउँमा बस्ने विभिन्न जातिहरु मध्ये आफ्नो छुट्टै भाषा भएका जनजातिहरुले आफ्नो घर परिवारमा मातृभाषाको प्रयोग गरेतापनि अन्यत्र भने नेपाली भाषा नै बोल्दछन । प्राय सबै जातिहरुले नेपाली भाषा बोल्न र बुझ्न सक्दछन । यस ठाउँमा बाहुन, क्षेत्री, थारु भाषा बोल्ने जातिहरुको बसोबास रहेको छ । ब्राहमण क्षेत्रीको बाहुल्य रहेको कारण अन्य

जातिहरुले पनि बढी मात्रामा नेपाली भाषाको नै बढी प्रयोग गर्ने भएकोले जातिगत भाषामा प्रभाव रहेको छ ।

### ४.२.३ रहनसहन

यस ठाउँमा विविध जातिहरुको बसोबास भएको पहाडिया रहनसहनको प्रभाव बढी रहेको छ । पहिले जातिगत संस्कृतिको स्थिति राम्रो भएकोमा हाल आएर त्यस्ता संस्कृतिहरुको जगेर्ना गर्न नसकेका कारण ती संस्कृतिहरु लोप हुदै गएको पाइन्छ मुख्य गरेर थारु जातिहरुमा थुप्रै परिवर्तन भएको पाइन्छ ।

### ४.२.४ शैक्षिक अवस्था

शिक्षा जिवनको ज्योती हो । जब सम्म शिक्षाको स्तर माथि उठ्न सक्दैन तब सम्म सर्वाङ्गीण विकास गर्न प्राय असम्भव नै हुन्छ । नेपालमा शैक्षिक विकास हुन थालेको २००७ सालको राजनैतिक परिवर्तन पछि मात्र हो अझै पनि पिछडिएका तथा माहला वर्गहरु शिक्षाको उज्यालो बाट टाढै रहेको पाइन्छ । कैलाली जिल्ला पनि शैक्षिक क्षेत्रमा केहि अगाडि बढी रहेको पाइन्छ । यहाँ शिक्षा लिनेको संख्या दिन प्रतिदिन बढ्दै गएको पाइन्छ । महिला साक्षरतामा पनि प्रगति हुदै आइको देखिन्छ । आफ्ना बालबच्चालाई विद्यालय पठाउने प्रचलनमा निकै वृद्धि भएको छ ।

## ४.३ आर्थिक अवस्था

यस कैलाली जिल्लाको अर्थ व्यवस्थामा कृषिको स्थान सर्वोपरि छ । यस जिल्लाको दक्षिणी भेगमा बगेर आउने विभिन्न नदिनालाले सिचाई उर्वर जमिनमा खाद्यान्नको राम्रो हुन्छ । यहाँको उब्जनीहरुमा धान, तोरी, गहुँ, मकै, मसुरो, मटर आदी मुख्य बाली हुन यस जिल्लाको कुल जनसंख्या मध्ये १० वर्ष देखि ५९ वर्ष सम्मका काम गर्न सक्ने जनशक्ति ८१, ४९४ (करिब ३६ %) छ । सक्षम जनसंख्या मध्ये बाट काम लागेको जनसंख्या ५०,७३० मा ४९,५६ (करिब ९७ %) व्यक्ति वन तथा कृषि व्यवसायमा संलग्न छन् । खेतीका साथै यहाँका बहुसंख्यक मानिसहरु पशुपालन, वनपैदावारहरुको सैकलन गर्ने र केही थारु जातिहरु माछा मार्ने जस्ता कामहरु र्गने गर्दछन् ।

### ४.३.१ कृषि

इस जिल्लाको कुल क्षेत्रफल २,७४,२०० हेक्टर जमिन मध्ये कृषि तथ्याङ्कअनुसार कुल ५१,५०० हेक्टर जमिन आवाद छ । खास गरि तराईमा औलो नियन्त्रण भएपछि यस जिल्लाको आवादी जमिनमा पनि वृद्धि हुन गएको छ । डडेलधुरा, डोटी, दैलेख आदी पहाडी जिल्लाहरु बाट धेरै मानिसहरु यहाँ आई बसोबास गर्न थाले । यस जिल्लाको आलानी, कोलमुडा, तेघरी,अत्तरिया, चटकपुर, टिकापुर आदी ठाउँमा जंगल कटान गरी नयाँ बसोबास भएको हो । आर्थिक वर्ष २०२७ र २०२८ को कुल वाली क्षेत्र ६२,९६० मध्ये खाध्यान्न ( धान, मकै, गहुँ, कोदो, जौ ) ले ढाकेको क्षेत्र ५३,४१० हेक्टर करिव ८४.८% मात्र हुन आउँछ बाकी १५,२ प्रतिशत नगदे बाली क्षेत्रमा तोरी खोती अधिक हुन्थ्यो । यस जिल्लाको कुल आवादी भएको जमिन विभाजन गर्दा ०.४ हेक्टर पर्दछ ।

चुरे डाडाँमा पर्ने सुगरखाल र पन्डोन गाउँ पञ्चायत बाहेक जिल्लाको सबै भाग समथर जमिनमा पर्दछ । उक्त समथर जमिन मध्ये केही जंगल भाग छोडेर अरु भागमा खेती गरिन्छ । यस जिल्लाको मुख्य बाली धान हो । यहाँ धान बाली प्राय असार, साउन र कात्तिकमा काटिन्छ । पाखो जंग्गामा जेठ, असारमा मकै छरी भदौ, असोजमा काटिन्छ । त्यस्तै असोज, कार्तिकमा तोरी लगाइन्छ र पुष, माघमा काटिन्छ । गहुँ, केराउँ, चना लगभग कार्त्तिक मंसिर तिर लगाएर चैत वैशाख तिर काटिन्छ । यहाँ कृषि विकास कार्यालयको प्रचार तथा प्रसार कार्यले गर्दा किसानहरुले रासायनिक मल, उन्नत साधन तथा तरिका अपनाउन थालेका छन् ।

### ४.३.२ यातायात, संचार र बिजुली

यस जिल्लामा धेरै जसो भु-भाग समथर भएकोले यातायातको दृष्टिकोणले यसको भविष्य राम्रो देखिन्छ । हाल निर्माण भैरहेको धनगढी डडेलधुरा राजमार्ग र महेन्द्र राजमार्ग तथा अहिलेको पक्कि सडकको विकास भई सकेको छ । यस सडकको रुपमा रहेको धनगढी सेती मार्गले यस जिल्लालाई क्रमश : उत्तरमा डोटी, डडेलभुरा र पूर्व तथा पश्चिममा बर्दिया तथा कन्चनपुर जिल्लासित जोडिन्छ । वर्तमान अवस्थामा भौगोलीक रुपले समान भए पनि आर्थिक दृष्टिले नेपालको पूर्वि तराई क्षेत्र भन्दा सुदूर पशिचममी तराई क्षेत्र पिछडिएको देखिन्छ । यसका कतिपय कारण मध्ये एउटा मुख्य कारण यातायातको कमी पनि हो ।

अहिलेको अवस्थामा यातायात संचार विना कुनै पनि सम्भव हुन गाह्रो हुन्छ । त्यसैले जेहोस पहिलेको भन्दा धेरै विकास भैसकेको छ ।

पहिले यस ठाउँमा खास गरी वर्षादको समयमा नदीनाला बढेर जिल्लाका धेरै जसो भागहरु चरैतिर पानिले घेरि तापु समान हुन्थ्ये र हवाई सेवा पनि बन्द रहन्थे । यातायातको कठिनाईले गर्दा सदरमुकाम धनगढी जिल्लाबाट पूर्वि भागतर्फ भारतीय रेलमार्ग द्वारा आवत जावत गरिन्थ्यो । अहिले त्यो अवस्था हटेर ठाउँ ठाउँमा बाटो गाडी यातायातहरु पुगेको अवस्था देखिन्छ । तराईका वस्तु पहाड लग्न र पहाडका वस्तु तराईमा ल्याउन भरियाद्धारा अथवा घोडा खच्चर जस्ता साधन अपनाउनु पर्दा वस्तुको मुल्यमा ठुलो असर पर्न जान्थ्यो । अहिले त्यो अवस्था हटेको छ । यातायातको विकासमा नै आर्थिक तथा सामाजिक विकास निहित रहेकोले तल वर्णन गरिएका धनगढी डडेलधुरा राजमार्ग, धनगढी सेती मार्ग तथा महेन्द्र राजमार्गले कैलाली जिल्लाको विकासमा ठूलो सघाउँ पुऱ्याएको छ ।

# अध्याय - पाँच

# तथ्यङ्कको प्रस्तुतीकरण र विष्लेषण

## ५.१ मुक्त कमैयाहरुको सामाजिक अवस्था :

कैलाली जिल्लाको धनगढी शिविरमा बसेका उत्तरदाता मुक्त कमैयाहरुको सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरुको उमेर सम्बन्धि विवरण, वैवाहिक स्थिति, शैक्षिक स्थिति, परिवार संख्या, जन्म स्थान, कमैयाका रुपमा काम गरेको वर्ष अवधि आदीलाई लिइएको छ । यिनै आधारहरुमा मुक्त कमैयाहरुको सामाजिक अवस्थाको जानकारी गर्ने प्रयास गरिएको छ ।

### ५.१.१ उमेर

कैलाली जिल्लाको धनगढी शिविरमा बसेका मुक्त कमैया हरुको सामाजिक अवस्थाको बारेमा अध्ययन गर्दा वास्तवमा ती मुक्त कमैयाहरु कति वर्षको उमेरदेखि कति वर्ष सम्म कमैयाको रुपमा काम गर्न बाध्य हुदाँ रहेछन भन्ने कुराको अध्यायन गरी प्राप्त तथ्याङ्कताई तातिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

मुक्त कमैयाहरुको उमेर सम्बन्धि विवरण

| उमेर समुह विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| १०-२० | ३ | ६ |
| २१-३० | २० | ४० |
| ३१-४० | १२ | २४ |
| ४१-५० | १० | २० |
| ५१-६० | ४ | ८ |
| ६०-भन्दा माथि | १ | २ |
| जम्मा | ५० | १०० |

श्रोत :स्थलगत अध्यायन २०७८

उपरोक्त तालिका नं. १ को आधारमा स्पष्ट हुन्छ कि अध्यायनको लागि छनौटमा परेका उत्तरदाता हरु मध्ये २०-३० वर्ष उमेर समूहका व्यक्तिहरुको संख्या सबैभन्दा धेरै अर्थात् ४० % रहेको छ। यस्तै गरी ६० वर्ष भन्दा माथि उमेर समुहका उत्तरदाताहरुको संख्या सबैभन्दा कम अर्थात् २ प्रतिशत मात्र रहेको छ।

### ५.१.२ वैवाहिक स्थिती

यस अध्ययनमा मुक्त कमैयाहरुको अवस्थालाई हेर्दा विवाहित हुन कि अविवाहित हुन भनी अध्ययन गर्दा प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २

मुक्त कमैयाहरुको वैवाहिक स्थिति

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ४९ | ९८ |
| अविवाहित | १ | १ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं. २ मा ५० जना मध्ये ४९ जना विवाहित र १ जना अविवाहित रहेको पाइन्छ। उत्तरदाता मध्ये विवाहितकोसंख्या सबै भन्दा बढी अर्थात् ९८ % रहेको छ भने अविवाहितको संख्या सबै भन्दा कम अर्थात् २ % रहेको छ। यसबाट स्पष्ट हुन्छ कि कमैयाहरु सबैभन्दा बढी विवाहित नै रहेको देखिन्छ। अविवाहित हुनुको प्रमुख कारण उसको आफ्नो विवाह गर्ने चाहाना नभएका कारण नै १ जनाले विवाह नगरेको पाईएको छ।

### ५.१.३ वैवाहिक निर्णय

उत्तरदाता कमैयाहरुको वैवाहिक निर्णय सम्बन्धि अध्यायन गर्दा जानकारी हुन आएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३

कमैयाको वैवाहको निर्णय सम्बन्धि विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आमा-बाबुले विवाह गरिदिने | २८ | ५६ |
| आफै जाने (लभम्यारिज) | १६ | ३२ |
| अन्य नातेदारहरुले कुरा चलाई दिने | ६ | १२ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

उपरोक्त तालिका नं. ३ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका व्यक्तिहरु मध्ये आमा बुबाले विवाह गरिदिने सबैभन्दा धेरै अर्थात् ५६ % रहेको छ भने अन्य नातेदारहरुले कुरा चलाई दिने व्यक्तिहरु मध्ये सबै भन्दा कम अर्थात् १२ % रहेको छ। यस्तै आफै भागेर जाने व्यक्तिहरु मध्ये ३२ % रहेको छ। यसबाट के थाँहा हुन्छ भने कमैयाहरुको वैवाहिक निर्णयमा प्रायजसो आमाबुबालेहरुले नै विवाहको निर्णय गर्ने र नातेदारहरुले कुरा चलाईदिने जस्ता विषयमा विवाहको निर्णय गरिदिने परम्परा रहेको छ।

### ५.१.४ शैक्षिक स्थिती

पुरानो एयरपोर्ट शिविर वडा नं. ५मा बसोबास गर्ने थारु जातिहरमा शिक्षाको स्तर कमजोर पाइन्छ तापनि हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरुलाई विद्यालय पठाउने क्रम भने बढीरहेको पाईन्छ। उत्तरदाता मुक्त कमैयाहरुको शैक्षिक स्थितिलाई अध्ययन गरी प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४

मुक्त कमैयाहरुको शैक्षिक स्थिती

| उमेर समूह विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | १२ | २४ |
| निरक्षर | ३८ | ७६ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं. ५ आधारमा स्पष्ट हुन्छ, कि साक्षर भन्नाले साधारण लेखपढ गर्न जान्ने र निरिक्षर भन्नाले लेखपढ गनै नजान्नेलाई बुझ्फाउँछ । त्यसैले अध्ययनको छनौटमा परेका उत्तरदाताहरु मध्ये साधारण लेखपढ गर्न सक्ने व्यक्तिहरु सबै भन्दा कम अर्थात् २४ % रहेको छ भने साधारण पनि लेखपढ गर्न नसक्ने व्यक्तिहरु मध्ये सबैभनदा धेरै अर्थात् ७६ % रहेको छ । यसबाट के देखिन्छ भने मुक्तकमैयाहरुको शैक्षिक अवस्था हेर्दा साक्षर भन्दा निरक्षर बढी संख्यामा रहेको देखिन्छ ।

### ५.१.५ परिवार संख्या

यस अध्ययनका क्रममा कमैयाहरुको परिवार संख्या कति रहेको छ भनी लिएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ५

कमैयाहरुको परिवार संख्या

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| १-५ जना सम्म | ३७ | ७४ |
| ६-१० जना सम्म | १३ | २६ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं ५ को आधारमा स्पष्ट हुन्छ, कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाता मुक्त कमैयाहरुको परिवार सख्या मध्ये एउटा परिवारमा १ देखि ५ जना सम्म बसेकोसबैभन्दा बढी अर्थात् ७४ % रहेको छ भने ६ देखि १० जना सम्म बसेको सबै भन्दा कम अर्थात् २६ % रहेको छ । यसबाट के थाँहा हुन्छ भने सानो परिवार प्रतिको अकर्षण बढ्नुमा छोराको बाबुसरह बराबरी हकको माग गर्नु, जनसंख्याको वृद्धि हुनु, बढ्दो गरीबी, घरपरिवारको व्यवस्थापनमा समस्या तथा सामाजिक परिवर्तन आदि प्रमुख कारणहरु रहेको देखिन्छ । यसैले गर्दा ठुलो परिवार संख्या घट्दो क्रम रहेको देखिन्छ ।

### ५.१.६ जन्म स्थान

धनगढी शिविरमा बसेका उत्तरदाता मुक्त कमैयाहरुको जन्म स्थान सम्बन्धी गरिएको अध्ययनमा प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ६

कमैयाहरुको जन्म स्थान सम्बन्धि विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| स्थानीय | १८ | ३६ |
| बसाई-सराई | ३२ | ६४ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं. ६ को आधारमा स्पष्ट हुन्छ कि अध्ययनका लागि छनौटमा परेका उत्तरदाताहरुको जन्म स्थान विवरण मध्ये स्थानिय वासिन्दा ३६ % रहेका छन भने सबैभन्दा बढी अर्थात बसाईसराई गरेर आएका ६४ % रहेका छन् । यसबाट के थाहाँ हुन्छ भने स्थानीय भन्दा बसाइसराई गरी आएर बसेकाको सँख्या बढी रहेको देखिन्छ ।

### ५.१.७ कमैया रहेको अवधि

धनगढी शिविरमा बसेका उत्तरदाता मुक्त कमैयाहरु कमैयाको रुपमा काम गरेको वर्ष अवधिलाई अध्ययन गर्ने क्रममा कति वर्ष सम्म उनीहरु कमैया बनी काम गनृ बाध्य भएकका थिए भन्ने पक्षमा गरिएको अध्ययनमा प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ७

मुक्त कमैयाहरुले कमैयाको रुपमा काम गरेको वर्ष अवधि

| विवरण अवधि | संख्या | प्रतिशत |
|---|---|---|
| १-५ वर्ष सम्म | २९ | ५८ |
| ६-१० वर्ष सम्म | ९ | १८ |
| ११-२० वर्ष सम्म | ७ | १४ |
| २१-३० वर्ष सम्म | ५ | १० |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं. ७ को आधारमा स्पष्ट हुन्छ, कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये कमैयाको रुपमा काम गरेको वर्ष मध्ये १-५ वर्ष सम्म काम गरेका कमैयाहरुको संख्या सबैभन्दा धेरै अर्थात् ५८ % रहेको छ । त्यस्तै गरि ६-१० वर्ष सम्म काम गरेको संख्या १८ % रहेको छ भने ११-२० वर्ष सम्म पनि कमैयाको रुपमा काम गरेको संख्या १४ % रहेको छ र त्यस्तै सबै भन्दा धेरै अर्थात् २०-३० वर्ष सम्म कमैयाको रुपमा काम गरेको संख्या सबैभन्दा कम १० % रहेको छ ।

### ५.१.८ पूर्ख्यौली थलो

उत्तरदाता कमैयाहरु कहाँ बाट आएका हुन वा उनीहरुको वास्तविक पूर्ख्यौली थलो कहाँ हो भन्ने जानकारीको बारेमा गरिएको अध्ययन बाट प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८

मुक्त कमैयाहरुको पूख्यौली थलोको स्थिती

| विवरण स्थान | संख्या | प्रतिशत |
|---|---|---|
| दाङ्ग | २३ | ४६ |
| बर्दिया | ८ | १६ |
| कैलाली | ९ | १८ |
| बाँके | ५ | १० |
| कन्चनपुर | ५ | १० |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं. ८ को आधारमा स्पष्ट हुन्छ, कि अध्ययनमा परेका सबै भन्दा बढी उत्तरदाताहरुको पुख्यौली थलो दाङ्ग जिल्ला रहेको अर्थात् ४६% रहेको छ भने बर्दिया १६% रहेको छ । त्यस्तै गरी कैलाली जिल्लामा पनि १८% रहेको छ भने सबैभन्दा कम बाँके १०% रहेको र कन्चनपुर १०% रहेको छ । यसरी विभिन्न ठाउँबाट बसाइसरेर आएको पाइन्छ ।

### ५.१.९ बालबालिकाको शैक्षिक अवस्था

धनगढी शिविरमा बसोबास गर्ने थारु जातिहरुमा शिक्षाको स्तर कमजोर पाइन्छ तापनि हाल शैक्षिक जागरण्का कारण आफ्ना बालबच्चाहरु लाई विद्यालय पढाउने क्रम भने बढी रहेको

पाइन्छ । यस क्षेत्रका थारु जातिको लागि अध्ययन गर्ने विद्यालय गाँउ नजिकै भएको कारण प्रायजसो बालबच्चाहरु विद्यालय जाने गरेको पाइन्छ । विद्यालय शिक्षाबाट बञ्चित केही महिला तथा पुरुषहरुले पनि प्रौढ शिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । धेरै जसो अधवैसे तथा बुढापाका थारुहरु भने अशिक्षित नै रहेका छन् । बालबालिकाको शैक्षिक अवस्थालाई तलको तालिकामा देखाईएको छ ।

तालिका नं. ९

कमैयाहरुका छोरा छोरी स्कुल पढन जाने- नजानेहरुको संख्या सम्बन्धी विवरण

| विवरण | लिङ्ग | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | छोरा | प्रतिशत | छोरी | प्रतिशत | | |
| स्कुल जाने छोरा | २० | ४० | - | - | २० | ४० % |
| स्कुल नजाने छोरा | ५ | १० | - | - | ५ | १० % |
| स्कुल जाने छोरी | - | - | १५ | ३० | १५ | ३० % |
| स्कुल नजाने छोरी | - | - | १० | २० | २० | २० % |
| जम्म | २५ | | २५ | ५० | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिकामा स्पष्ट हुन्छ कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरुको स्कुल जाने छोराहरुको संख्या सबैभन्दा धेरै अर्थात् ४०% रहेको छ भने स्कुल नजाने छोराहरुको संख्या सबभन्दा कम अर्थात् १०% रहेको छ । यस्तै गरी स्कुल जाने छोरीहरुको संख्या ३०% रहेको छ भने स्कुल नजाने छोरीहरुको संख्या २०% रहेको छ । यसमा स्कुल जानेको धेरे र नजानेको संख्या कम रहशेको छ । स्कुल नजाने छोरा र छोरीको अवस्था हेर्दा घरमा आर्थिक अवस्थाको कमि, खानलाउन पनि गारो हुने हुदाँ स्कुल पढाउँन नसकिएको अवस्था देखिएको छ । यस बाट के स्पष्ट हुन्छ भने अध्यायन क्षेत्रका उत्तरदाताहरुले आफूले नपढे पनि आफ्ना छोराछोरीहरुलाई स्कुल पठाउने गरेको पाइन्छ ।

### ५.१.१० धर्म

शिवरमा बसेका मुक्त कमैयाहरुको सामाजिक अवस्थालाई अध्ययन गर्दा उनीहरुले कुन धर्म मान्दा रहेछन् भन्ने कुराको अध्ययन गरी जानकारी हुन आएको प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

कमैयाहरुले मान्ने धर्म सम्बन्धि विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु धर्म मान्ने | ४३ | ८६ |
| क्रिश्चियन धर्म मान्ने | २ | ४ |
| हिन्दू धर्म मन पराउने | ५ | १० |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं.१० को आधारमा स्पष्ट हुन्छ, कि अध्ययनको लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये हिन्दु धर्म मान्ने व्याक्ति सबै भन्दा धेरै अर्थात् ८६% रहेको छ भने क्रिश्चियन धर्म मान्ने व्यक्ति सबैभन्दा कम अर्थात् ४% रहेको छ । यस्तै गरी हिन्हु धर्म मनपराउने व्याक्तिहरु १०% रहेको छ । क्रिश्चियन धर्ममान्य अरुको देखासिकिमा र गाउँगाउँमा क्रिश्चियन धर्मको प्रचारप्रसारले गर्दा यो धर्म मान्ने गरेको पाइन्छ । यस बाट स्पष्ट हुन्छ भने अधिकांश कमैयाहरु हिन्दु धर्मावलम्वि नै रहेको पाइयो ।

### ५.१.१२ छोरीको विवाह गर्ने उमेर सम्बन्धि धारणा

प्राय जसो थारु समाजमा सानै उमेरमा छोरीको विवाह गरिदिने प्रचलन रहेको हुन्छ । बाल विवाह समेत प्रचलनमा रहेको थरु समाजमा सानै उमेरमा छोरीको विवाह गरिदिएमा पून्य मिल्दछ भन्ने गरेको पाइन्छ । आजभोलि शिक्षाको प्रभाव अन्य जातिको सर्म्पक तथा छोरी लाई पनि विद्यालय पठाउने प्रचलनले गर्दा छोरीको विवाह गर्ने समय १८ वर्ष माथि वा १८ वर्ष भन्दा तल कुन ताहि उपयुक्त होता भन्ने प्रश्नको उत्तरमा प्राय सबै जसोले १८ वर्ष भन्दा माथि २०/२२ वर्ष उपयुक्त हुन्छ भन्ने जवाफ आएको थियो । अध्यायनको क्रममा

१८ वर्ष भन्दा माथि अविवाहित केटिहरुको संख्या पनि थुप्रै देखिएकोले यस धारणा प्रति विश्वास गर्न सकिन्छ चाडै विवाह गरिदिदा महिलाको स्वस्थ्य राम्रो हुदैन, पढ्न पाउदैनन् भन्ने सोच भएको पाइन्छ । त्यस्तै इन्टरनेट, रेडियो, टेलिभिजन तथा विभिन्न प्रचार प्रसारबाट उनीहरु प्रति यस किसिमको चेतनाको विककास भएको विश्वास गर्न सकिन्छ ।

### ५.१.१३ मृत्यु संस्कार

थारु जातिमा मानिस मर्न लागेपछि मुखमा सुन पानि राखि दिन्छन । परे पछि पवित्र मानिने थारुहरुले सबै अन्नको विउँ, खाने चावल, दाल, मुर्दाका लास लुगा बोकेका अगाडि लागे पछि  उल्टो खटियामा मुर्दालाई बोकेर लान्छन् । घरका महिलाले मुर्दालाई सुताएको ठाउँमा गाईको गोवरले लिपि त्यहाँ पिठो छर्केर त्यस माथि बत्ती बालि सो बत्तीलाई डालो, डोको आदी कुनै चिजले छोप्छन् । गाउँका सबै महिलाहरु मान्छे मरेको घरमा उकत्रित भई सो घर लिपि त्यहाँका सबै भाडाँ माजि एकसाथ नुहाउन नदिमा जान्छन् । मलामिहरुले मुर्दाका साथ लगेका खाने सामान लुगा आदी मुर्दाका सिरान तर्फ राखि उत्तरतिर सिर पारि पुरुषलाई घोप्टो र स्त्रीलाई उत्तानो पारी गाड्दछन । त्यसपछि नुहाएर टोपी उतारेर घरमा फर्किन्छन् ।

मलामि आइपुगे पछि अगाडि वत्ति बाली छोपेको ठाउँ बाट वत्ति छोपेको चिज झिक्दछन । अनि  १/२ जना आइमाइले गहिरिएर सो पिठो छर्केको ठाँलाई हेरी यो जनावरको पाइला छन् र यो जुनि पायो भन्छन । मलामिको लागि नुन नराखेको दाल भात पकाएको हुन्छ । मृतात्माका निम्ति भनि सबैले एकाएक गास पन्छाएर सो दालभात खान्छन् । त्यसपछि सोमबार वा विहिवारका दिन जेठो छोरा भए त्यो नभए कुनै एक छोरा उा अरुले नदिको विचमा गएर कपाल फालि नुहाएर सेता कपडा पहिरि घरमा आउछन । घरमा लिपेको माथिबाट कुनै चिज नखस्ने गरी जाल आदिले ढाकेको कोठामा कसैसंग नछोइने गरि बस्छन् । बेलुकी पख सो क्रिया गर्नेले आफूले पकाएको भात खाने पानि लिई अलि पर आगनमा गई वत्ति वालि सो भात त्यहि वत्तितिर बलि दिई (चढाई) फर्केर आफू बसेको कोठामाम आई दिनको एकछाक नुन खादैनन् । क्रिया बसेको कोठाबाट बाहिर निस्कनु परेमाम खन्ती जोडेको लठ्ठी, छुरी पौवा (खैरो काठको चप्पल) गोडामा लगाई निस्कन्छन । र ७ या ९ दिनमा शुद्ध गरिन्छ ।शुद्ध गर्ने दिन घरका सबै उमेर पुगेकाले नुहाएर सुनपानि

छर्कन्छन् । क्रिया वस्नेले दालभत र सुङ्गरको मासु पिण्ड मृतात्मा समेत ९ पुस्तालाई दिई सपिण्डी गर्छन् ।

यदि पुस्ता सकिने मानिसको सपिण्डी गरेपछि सो दिन सम्ममा काममा ल्याइएका माटाका सबै भाडाँ फ्याक्दछन यसरी शुद्ध कार्य गरे पछि पनि घरमा धेरै मानिस बिरामि भई रहने या गाई गोरु आदि मर्ने जस्ता बिध्नबाधा परिरहेर तिनको कारण गुरुवाले पछिल्लो शुद्ध कार्य विधि पूर्वक नभएका भनि उपयुक्त शुद्ध कार्य दोस्रो वा तेस्रो पटक पनि गर्दछन । यसरी नै थारुहरुको मृत्यु संस्कार रहेको पाइन्छ ।

## ५.२ उत्तरदाता मुक्त कमैयाहरुको आर्थिक अवस्था :

कुनै पनि व्यक्तिको आर्थिक अवस्थाले समाजमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानिसहरु समाजमा राम्रो स्थान तथा इज्जतको लागि आर्थिक रुपले सक्षम हुन चाहन्छन् । कमैयाहरुको आर्थिक अवस्थाको अध्यायन गर्ने क्रममा उनीहरुको आयस्रोत, भू-स्वमित्व, उनिहरुलाई खान पुग्नेवा नपुग्ने स्थिति, परम्परागत पेशा प्रतिको धारणा, जग्गा जमिन, पशुपालन, अन्य पेशा, रोजगारिको स्थिती आदि इतयदि लिइएको छ । यिनै आधारमा कमैयाहरुको आर्थिक अवस्थाको बारेमा जानकारी गर्ने प्रयास गरिएको छ ।

### ५.२.१ पेशा

नेपाल कृषि प्रधान देश भएकोले अधिकाशं जनता कृषि पेशामा नै रहेका छन । थारु जातिले पनि परम्परागत रुपमा अपनाउदै आउको पेशा कृषि नै हो । यसका साथै उनिहरुले माछा मार्ने, पशुपालन गर्ने, व्यापार व्यावसाय गर्ने, नोकरी गर्ने, घरेलु सामान बनाउने तथा श्रमिकको रुपमा काम गर्ने पेशा पनि अपनाउदै आएको पाइन्छ ।

### ५.२.२ आयस्रोत

धनगढी शिविरमा बसेका उत्तरदाता मुक्त कमैयाहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरु शिविरमा आएर आफ्नो दिनचर्य कसरी विताइ रहेका छन् वा उनीहरुको आयस्रोत के कस्तो छ भन्ने कुराको अध्ययन गरी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ११

कमैयाहरुको आयस्रोत सम्बन्धि विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| दैनिक ज्यालादारी | ३८ | ७६ |
| आफ्नो व्यवसाय | ९ | १८ |
| जागिरे | ३ | ६ |
| जम्मा | ५० | १०० |

श्रोत स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका न. ११ को आधारमा स्पष्ट हुन्छ कि अध्यायनको लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये दैनिक ज्यालादारी पाउने व्याक्तिहरु मध्ये सबै भन्दा धेरै अर्थात् ७६ % रहेको छ भने आफ्नो व्यावसाय गर्ने व्याक्तिहरु मध्ये १८% रहेको छ। यस्तै गरी जागिरे ४% रहेको छ। यस तालिकामा सबैभन्दा बढी दैनिक ज्यालादारी जस्तै : मिस्त्री, घरहरु बनाउने जस्ता कामहरु गरी कमाएर खानेको संख्या धेरै रहेको छ। त्यस्तै आफ्नो व्यवसाय जस्तै : तरकारी खेती गरी पसल व्यावसाय गर्ने जस्ता कामहरु गर्ने गरेको पाइन्छ र कोहि जागिरे पुलिस ड्राइभर जस्ता कामहरु गरी आफ्नो घर खर्चहरु चलाएको पाइन्छ।

### ५.२.३ भू-स्वामित्व

यस क्षेत्रका थारु जातिको भू-स्वामित्व निम्न प्रकार तलको तालिकामा देखाउन सकिन्छ।

तालिका नं. १२

भू-स्वामित्वको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो जग्गा जमिनमा गर्ने | १४ | २८ |
| अधिया गर्ने र भू-स्वामी | १८ | ३६ |
| अधिया मात्र गर्ने | ११ | २२ |
| बन्दगी र ठेक्का गर्ने | ७ | १४ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिका नं. १२ मा स्पष्ट हुन्छ कि आफ्नै जग्गा जमिनमा मात्र खेती गर्ने को संख्या को संख्या २८% आफ्नो जग्गा र अधिया समेत कमाउने उत्तरदाताको संख्या ३६%, अधिया मात्र गर्ने २२% र आफ्नो जग्गाको साथै बन्दगी तथा ठेक्का लिएर खेती गर्ने उत्तरदाताको संख्या १४% रहेको देखिन्छ । यस तथ्याङ्क बाट के थाहा पाउन सकिन्छ भने आफ्नो जग्गा जमिनको उब्जनीले नपुग्ने किसानहरुले अन्य व्यक्तिको जग्गा अधिया बन्दगी तथा ठेक्कामा आफ्नो जिविका चलाएको पाइनछ ।

### ५.२.४ खान पुग्ने वा नपुग्ने स्थिति

यस क्षेत्रका कतिपय थारु परिवार संग कम जग्गा भएको र परिवारमा खर्च नगुग्ने भएकोले विविध किसिमका घर खर्च नलाउन आफूले उत्पादन खरेको खाद्यान्न समेत बेच्नु पर्ने भएकाले केहि थारु परिवारलाई आफ्नो उत्पादन बाट वर्षभरी खान नपुग्ने स्थिती रहेको देखिन्छ । यसलाई तालिकामा प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. १३

खान पुग्ने वा नपुग्ने स्थितिको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ६ महिना सम्म पुग्ने | २४ | ४८ |
| ४ महिना सम्म मात्र | १२ | २४ |
| वर्ष दिन पुग्ने | १० | २० |
| वर्षदिन खान पुगेर बेच्न समेत पुग्ने | ४ | ८ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

प्रस्तुत तालिकामा ५० जना उत्तरदाता मध्ये छ महिना सम्म खान पुग्ने उत्तरदाताको संख्या ४८ %, ४ महिना सम्म खान पुग्ने उत्तरदाताको संख्या २४%, वर्ष दिन खान पुग्ने २०%, वर्ष दिन खानपुगेर बेच्न समेत पुग्ने संख्या ८% रहेको छ ।

यसबाट के देखिन्छ भने आफ्नो जग्गा कम हुने तथा घडेरी मत्र हुने थारु हरुले पनि मिहेनत गरी अर्काको जग्गा अधिया बन्दगी आदि गरेर खान पुऱ्याइरहेका छन भने वर्ष दिन सम्म

खान नपुग्ने थारुहरुले ज्यालादारी आदि गरेर जीवन धानेको पाइन्छ । आफ्नो स्वामित्वको जग्गको कमि हुनु, उत्पादनमा कमि आउनु, पढेका यूवाथारुहरु को कृषि कार्य प्रतिको विकर्ष जस्ता कारणले गर्दा केहि थारु परिवार हरुको वर्ष भरि नै खान नपुग्ने स्थिती रहेको खिन्छ ।

### ५.२.५ जग्गा जमिन

यस क्षेत्रमा बसोबास गरेका थारुहरुको जग्गा जमिनको विवरण यस परुकार छ ।

तालिका नं. १४

जग्गा जमिनको विवरण

| जग्गाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ४ कठ्ठा सम्म मात्र हु | १३ | २६ |
| ५ देखि १० कठ्ठा सम्म मात्र | २२ | ४४ |
| १० कठ्ठा देखि १ विगाह सम्म | ७ | १४ |
| घडेरी मात्र हुने | ८ | १६ |
| जम्मा | ५० | १०० |

श्रोत :स्थलगत अध्ययन ,२०७८,

माथको तालिकामा ५० जना उत्तरदाता हरु मध्ये ४ कठ्टा सम्म मात्र जग्गा हुने २६% रहेको छ भने घडेरी मात्र हुने १६% रहेको छ । ५ देखि १० कठठ् सम्म मात्र हुने ४४% रहेको छ । त्यस्तै १० कठ्ठा देखि १ विगाह सम्मम हुने १४% रहेको छ । यसरी हेर्दा यस क्षेत्रमा खेती गर्न आफ्नो जग्गा नहुने थारुहरुको संख्या वृद्धि हुदै आएको पाइन्छ । यस्ता व्यक्तिहरुले जग्गा अधिया तथा ठेक्कामा कमाएर आफ्नो गुजरा चलाएको पाइन्छ ।

### ५.२.६ परम्परा पेशा प्रतिको धारणा

यहाँका थारुजातिले गर्दै आएका परम्परागत कृषि प्रतिको धारणा कस्तो रहेको छ भन्ने जानकारी पाउनको लागि ५० जना घर परिवारका उत्तरदाता संग यस प्रश्न सोधिएको थियो । प्रायजसो उत्तरदाताले आफूले जानेको पेशा यहीँ कृषि पेशा भएकोले राम्रै लाग्छ भन्ने कुराहरु गरेको पाइयो । हाल कृषि उत्पादन घटेको र मल, विउ, सिचाई तथा प्राविधिक सहयोगको अभावले गर्दा केहि कठिनाई महसुस गरेको धारणा व्याक्त गरेका थिए ।

अहिलेका यूवापुस्ता भने बाध्यताले गर्दा अन्य विकल्प नभएर मात्र यो पेशामा लागेको धारणा व्याक्त गर्दछन् । आफ्ना बालबच्चा लाई सकेसम्म पढाई अनुसारकै पेशा गरेको राम्रो लाग्छ भन्ने धारणा रहेको छ ।

तालिका नं. १५

परम्परागत पेशा प्रतिको धारणालाई तलको तालिकामा देखाईएको छ ।

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्टि | ३९ | ७८ |
| असन्तुष्टि | ११ | २२ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

माथि देखाइएको तालिकामा ५० जना उत्तरदाता मध्ये कृषि पेशामा सन्तुष्ट भएको धारणा व्याक्त गर्ने उत्तरदाताको संख्या ७८% रहेको छ भने असन्तुयट भएको धारणा व्याक्त गर्ने उत्तरदाताको संख्या २२% रहेको छ । शिक्षा क्षेत्रमा पछि परेका उत्तरदाताले यस पेशालाई राम्रै हो भनेका थिए भने शिक्षा हासिल गरेका वेरोजगार उत्तरदाताले दु;ख धेरै आम्दानि कम हुने भएकाले यस पेशा प्रति असन्तुष्ट व्याक्त गरेका थिए ।

### ५.२.७ पशुपालन

यहाँका थारुजाजिले पशुपालनलाई मुख्य पेशाको रुपमा अपनाएको नभए पनि प्राय जसो घरमा बाखा, हाँस, कुखुरा, सुगुर आदी पालेको पाइन्छ । बाखा, हाँस, कुखुरा, सुगुर आदीको मासुको लागि प्रयोग गर्दछन । यहाँ थारु जातिले आफ्नो घरमा पालेका पशुपंक्षीको विवरणलाई तल तालिकामा देखाइएको छ ।

तालिका नं. १६

पशुपंक्षी सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
| --- | --- | --- |
| केहि पनि पालेको छैन् | २८ | ५६ |
| कुखुरा/हाँस दुवै पालेका | १२ | २४ |
| सुंगुर मात्र | ४ | ८ |
| कुखुरा र सुंगुर दुवै | ६ | १२ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन ,२०७८,

मथिको तालिकामा ५० जना मध्ये कुनै पनि पशुपंक्षी नपालेका व्यक्तिहरु मध्ये सबै भन्दा धेरै ५६% रहेको छ । कुखुरा, हाँस पालेका व्याक्ति हरु मध्ये २४% रहेको छ । यस्तै गरी सुगुर मात्र पाल्ने व्याक्तिहरुमा ८% रहेको छ भने कुखुरा र सुगुर दुवै पाल्ने व्यक्तिहरुमा अर्थात् १२% मात्र रहेको छ । यस बाट स्पष्ट हुन्छ कि माथिको तथ्यांकले सबैभन्दा बढी हाँस, कुखुरा पालेको देखाएको छ यसको कारणबारे जिज्ञासा राख्दा थारुहरु अन्धविश्वासमा बढी विश्वास गर्ने र धामीझाक्रीबाट उपचार गराउँदा भोग दिनुपर्ने तथा थारुहरु बढी माछामासु प्रेमी भएकोले यी पशुपंक्षीहरु धेरै संख्यामा पालेको देखिएको छ ।

### ५.२.८ अन्य पेशा

यस क्षेत्रका केही थारुजातिले आफ्नो जीविकोपार्जनको लागि कृषि तथा पशुपालनको साथै अन्य किसिमका पेशाहरुपनि गरेको पाइन्छ । यस्ता पेशाहरुमा व्यापार व्यवसाय, नोकरी, घरेलु उधोगधन्दा, तरकारी खेती, श्रमीक आदि पर्दछन् । यहाँका थारु जातिले अपनाएका पेशागत विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १७

थारुजातिको पेशागत विवरण

| पेशाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि/पशुपालन | १९ | ३८ |
| श्रमीक | १४ | २८ |
| नेकरी | ५ | १० |
| व्यापार व्यावसाय | १२ | २४ |
| जम्मा | ५० | १०० |

श्रोत : स्तलगत अध्ययन ,२०७८,

मथिको तालिकामा ५० जना मध्ये ३८% कृषि तथा पशुपालन पेशामा रहेका छन् र श्रमीकको रुपमा २८% रहेको छ भने नोकरी गर्ने संख्या १०% रहेको देखिन्छ । व्यापार गर्ने संख्या २४% रहेको छ । यसमा कोही लेवरी काम गर्ने, कोही नोकरी र आर्मि, पुलिस जस्ता काममा लागेको पाइन्छ । व्यापार व्यावसाय भन्नाले आफ्नै तरकारी खेती गरी व्यापार गरेका छन्, कोही आफ्नै ठेलाहरुमा साना पसल व्यावसायहरु गरेको देखिन्छ । यस बाट अझै पनि थारुजातिको प्रमुख पेशा कृषि नै रहेको प्रष्ट हुन्छ ।

### ५.२.९ रोजगरीको स्थिती

कृषि क्षेत्रमा विधमान समस्याहरु तथा आधुनिकिकरणले ल्याएको परिवर्तनले गर्दा युवा थारुहरु पनि रोजगारीको लागि शहर बजार तथा विदेश तिर जाने क्रममा वृद्धि हुदै आएको पाइन्छ । प्रायः यहाँका थारु हरुमा कृषि पेशामा पनि संलग्न रहेको पाइन्छ । केहि थारुहरु सेना, शिक्षकको नोकरी लागेको पाइन्छ । केहि व्यापार व्यावसायमा पनि लागेको पाइन्छ । कसैले कपडा सिलाउने काम गरेको पनि पाइएको छ । यहाँका थारुहरु यस्तै विभिन्न पेशामा लागेको पाइन्छ ।

# अध्याय-६

# सारांश र निश्कर्ष

## ६.१ सारांश

नेपाल अधिराज्य भित्र बसोबास गर्ने विभिन्न जातिय तथा समुदायहरु अर्न्तगत थारु समुदाय पनि एक हो । जस अर्न्तगत अधिकांश कमैयाहरु यँही जाति भित्रका रहेका छन् । यस शोधपत्र भित्र कैलाली जिल्लाको धनगढी शिविरमा बसेका कमैयाहरुको सामाजिक, आर्थिक अवस्था बारे अध्यायन गरिएको छ । कैलाली जिल्लामा बसोबास गर्दै आएका थारु जातिहरुमा बढ्दो आधुनिकीकरण, शहरीकरण, अन्यजातिको प्रभाव, शोषण आदिले उनीहरुको सामाजिक तथा आर्थिक अवस्थामा निकै परिवर्तन पाइन्छ । यसै सन्दर्भमा यस जिल्लामा बसोबास गर्ने थारुजाति मध्ये पूरानो एयरपोर्टमा बसोबास गरिरहेका थारुजातिको सामाजिक तथा आर्थिक अवस्था बारे जानकारी हासिल गर्ने उद्देश्यले यस शोध कायृको लागि कैलाली जिल्ला पूरानो एयरपोर्टलाई अध्ययनको रुपमा लिइएको छ ।

यस अध्ययनमा प्रश्नावली, अन्तवार्ता तथा अवलोकन विधिद्धारा अध्ययन क्षेत्रमा रहेका ५० थारु घरपरिवारको अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । यस क्षेत्रका थारु जातिको शैक्षिक अवस्था त्यति राम्रो देखिदैन । अहिलेका थारुहरुले छोरीलाई उच्चशिक्षा नै पढाउने चाहाना राखेका भएपनि पढाइमा अनुतिर्ण भएपछि स्यम् आफै पढ्न नजाने, पढाउनको लागि अभिभावकको आर्थिक समस्या जस्ता कारणले गर्दा महिलाहरु शैक्षिक विकासको अवसरबाट पछाडि रहेको पाइन्छ ।

आफ्नो भाषा, भेषभुषा तथा खानपान समेतमा परिवर्तनको रहेको पाइन्छ । शैक्षिक जागरण, अन्यजातिको प्रभाव तथा बढ्दो आधुनिकीकरणले गर्दा अन्तरजातिय विवाह, परिवार नियोजन, छोराछोरीमा समानता जस्ता सुधारात्मक कुरातर्फ थारुजाति पनि अगाडि बढेको पाइन्छ । परम्परागत रुपमा गरिने संस्कारहरु मनाउने प्रचलनमा पनि कमी आउको पाइन्छ । कतिपय संस्कारहरु छोड्दै गएका छन् भने कतिपपय संस्कारहरुमा आधुनिकताको प्रभाव परेको देखिन्छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने कैलाली जिल्लामा पुरानो एयरपोर्ट शिविरमा  रहेका मुक्त कमैयाहरु पहिलेको अवस्थामा नरहेको पाइएको छ भने उनीहरु मुक्त भएका छन्  तर उनीहरुमा गरिबीको समस्या भने  रहेको पाइन्छ । उनीहरुलाई खान लाउन पनि अरुको काम गर्न वा लेवरी, मिस्त्री कामहरु गरेर आफ्नो छाक टार्ने गरेको पाईन्छ । जस्तै कमैया हुन बाट मुक्त पाएका कमैयाहरु आजको अवस्थामा उनीहरु कोहि नोकरि गर्ने, केहि महिलाहरु सिलाई, बुनाई काम गर्ने, त केहि लेबरी, कोहि विदेश जाने जस्ता काममा लागेको पाइन्छ र उनीहरुमा कोहि व्यापार व्यावसाय गरेर बसेको पनि पाइन्छ ।

यस जिल्लामा २०६८ को जनगणना अनुसार थारुहरुको  जम्मा जनसंख्या ३२२,१२० रहेको छ । जसमा पुरुषको संख्या १६०,०५२ र महिलाको संख्या १६२,०६८ रहेको पाइन्छ ।

उत्पतिको दृष्टिले अझै रहस्यमय रहेका थारुजाति परापूर्वककालदेखि नेपालको तराईक्षेत्रमा बसोबास गर्दै आएका आदिवासि जनजाति हुन । थारुहरुले थारुहरुले शिव, पार्वतीको पूजा गर्ने र हिन्दू धर्मप्रति आवद्ध रहेका छन ।

चारैतिर अन्य जातिको वस्तीले घेरिएररहेका यस क्षेत्रका थारुहरुले अन्य जातिको प्रभावले गर्दा आफ्नो सामाजिक तथा सांस्कृकि परम्परा र संस्कारहरु भुल्न थालिसकेका छन् र अन्य जातिको संस्कार समेतको मिश्रत संस्कार अपनाउन थालेको पाइन्छ ।

शैक्षिक क्षेत्रमा पछाडि परेका थारुजातिमा अहिले केहिमात्रामा भएपनि शैक्षिक चेतनाको विकास भएको कारण छोरीहरुलाई पनि विद्यालय पढाउनथालेका छन ।

परम्परागत पेशाप्रति सकारात्मक दृष्टिकोण राख्ने थारुहरु कृषि उपजको उत्पादनमा कमी आउने तथा त्यसमा मलबिउ, सिचाई आदिको समस्याले आर्थिक विपन्नताको चपेटामा परेर अन्य पेशामा जस्तै : श्रमीक, नोकरी, पशुपालन, व्यापार, व्यावसाय तर्फ पनि लाग्ने गरेको पाइन्छ । विशेष गरी युवावर्गहरु कृषि कार्यमा दु:ख बढी गर्नुपर्ने तर उत्पादन कम हुने गरेकोले यस पेशामा आफ्नो चाहाना घटेको तथा अन्य वैकल्पिक रोजगारीको समेत अभावले गर्दा आर्थिक अवस्थामा ठूलो समस्या भएको विचार व्याक्त गर्दछन् ।

**सन्दर्भसामग्री**

ओझा, दीपज्योती ( २०५९ ) *मुक्त कमैयाको आर्थिक सामाजिक अध्ययन,* शोधपत्र समाजशास्त्र केन्द्रीय विभाग त्रि.वि ।

गौतम टेकनाथ ( २०४४ ) *थारु जातीको इतिहास तथा सँस्कृती,* दाङ्ग कान्तिपुर असार १ ।

चौधरी श्रमराम ( १९९८ ) *नेपालमा दास प्रथा र कमैया प्रथा एक परिचय,* पुलचोक जावलाखेल, सामाजिक सेवा अध्ययन केन्द्र पुल्चोक जावलाखेल काठमाण्डौ ।

धिताल डिल्ली राज ( २०५७ ) *कमैया मुक्ति आन्दोलन,* व्याक वार्ड सोशाइटी एजुकेसन ।

अनौपचारिक सेवा केन्द्र, *नेपाल कमैया प्रथा भित्र बाधा मजदूर* ( २०४९ ) अनौपचारिक सेवा केन्द्र ,इन्सेक ।

रोवर्टन एड्म र शिव मिश्र ( १९९७ ) *श्रम नेपालको कृषि अर्थतन्त्रमा बाधा* काठमाण्डौ, अनौपचारिक सेवा केन्द्र ।

मिश्र शिवम र रोवट्शन एड्म ( १९९७ ) ( अनौपचारिक सेवा केन्द्र ) *नेपालको कृषि अर्थतन्त्रमा बाधा श्रम, अनौपचारिक सेवा केन्द्र,* इन्सेक ।

त्रि.वि पत्रकारिता विभाग ( २०५४ ) *बहुलबादी नेपाली समाज आमसन्चार* त्रि.वि काठमाण्डौ ।

घिमिरे दिपेन्द्र ( २०५२ ) *थारु आदीवासी नेपाली,* कालिमाटी सुनकोसी छापाखाना काठमाण्डौ ।

भूमि सुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार ( २०६० ) कमैया मुक्ति पुर्नस्थापना कार्यक्रम प्रतिवेदन, भाद्र ५ ।

जिफण्ट ( २००१ ) *इम्पेक्टस अफ इन्टरभेन्सन अन कमैयाज,* रामशाहपथ काठमाण्डौ ( जिफण्ड ) ।

शर्मा सम्झना ( १९९८ )*कमैया मजदुर आन्दोलन,* गोर्खापत्र दैनिक असार ५ ।

चौधरी कृष्ण ( २०५७ ) *थारु विवाह सम्बन्धमा,* समाचारपत्र दैनिक पुष २१ ।

## अन्तर्वार्ता अनुसुचि

१. घरमुलिको नाम :

(क) उमेर :

(ख) विवाहित : अविवाहित :

(ग) शिक्षा : साक्षर : निरक्षर :

२. परिवार संख्या :

| उमेर : | महिला : | पुरुष : |
|---|---|---|
| १-४ | | |
| ५-९ | | |
| १०-३९ | | |
| ४०-५९ | | |
| ६० भन्दा माथि | | |

३. शैक्षिक अवस्था :

| कक्षा : | महिला : | पुरुष : | जम्मा : |
|---|---|---|---|
| १-५ | | | |
| ६-१० | | | |
| १० भन्दा माथि | | | |
| साक्षर | | | |
| निरक्षर | | | |

४. आवासको अवस्था :

आफ्नो घर : सिमेन्टेड ☐ पक्की घर ☐ झोपडी ☐

मालिकको : सिमेन्टेड ☐ पक्की घर ☐ झोपडी ☐

५. आयस्रोत

कृषि ☐ व्यापार ☐ दैनिक ज्यालादारी ☐

वार्षिक मजदुरी ☐

६. तपाईको जन्म कहाँ भयो ?

यही ठाउँमा : बसाईसराई :

७. तपाई कमैया कहिले देखि हुनु भयो ?

८. तपाईको मुख्य पुख्यौली थलो कहाँ हो ?

९. तपाईहरुको पुर्खा कति समय अगाडि देखि यहाँ बसोबास गर्दै आउनु भएको हो ?

१०. कति ठाउँमा कमैयाको रुपमा काम गर्नु भयो ?

११. आफ्नो जग्गा छ कि छैन ? यदि छ भने कति छ ?

१२. काम गरेर परिवार पाल्न पुग्छ कि पुग्दैन ? पुग्दैन भने अरु के गर्नु हुन्छ ?

१३. तपाईको पुर्खाले लिएको ऋण व्याज कति छ ?

१४. तपाइको पुर्खाले लिएको ऋण छ कि छैन ? यदि छ भने के को लागि लिनु भएको थियो ?

१५. मालिकको घरमा नवसेर अन्यत्र काम गर्दा दैनिक कति पाउनु हुन्छ ?

१६. विरामी पर्दा के गर्नु हुन्छ ? ( झारफुक, गुरुवा ) डाक्टरी, औषधि, वैध वा केही पनि गर्दिन ?

१७. बिरामी पर्दा आर्थिक सहयोग कसले गर्छ ? ( ऋण सापटी, छिमेकी, घरकै स्रोतबाट )

१८. आफ्नो सौचालय छ कि छैन ?

१९. तपाइको गा.वि समा स्वस्थ्य चौकि छ कि छैन ?

२०. धुम्रपान गर्नु हुन्छ कि हुदैन् ?

२१. रक्सी सेवन गर्नु हुन्छ कि हुदैन ?

२२. घरमा पशुपन्क्षिहरु के-के छन ? गाई, भैसी, सुंगुर, कुखुरा, भेडा, बाख्रा आदि ।

२३. ती पशुपन्क्षिहरु आफ्नै हुन या ऋणबाट ल्याउनु भएको हो ?

२४. यिनिहरु बाट फाइदा छ कि छैन ? यदि छ भने के कति फाइदा छ ?

२५. स्वास्नी मानिसको अवस्था :

(क) कति वर्षमा विवाह गर्नु भयो ?

(ख) विवाहको निर्णय कसले गर्छ ? आमा, बुबा, स्वयम, नातेदार, अन्य ।

२६.परिवारमा निर्णय कसले लिन्छ ?

(क) कृषि कार्यको लागि : श्रीमान् वा श्रीमती

(ख) सामान खरीद वा बिक्रि गर्दा : श्रीमान वा श्रीमती

(ग) ऋण लिदा वा तिर्दा : श्रीमान वा श्रीमती

(घ) छोरा छोरी लाई पढाउँदा : श्रीमान वा श्रीमती

२७. तपाईको विवाह संस्कार कस्तो छ ?

२८. तपाईको गाउँमा कुनै स्कुल कलेज छन् ?

२९. तपाइको छोराछोरी स्कुल जान्छन् ?

३०. छोरा छोरी स्कुल पढन् किन जान्छन् ?

३१. जीविकोपार्जनको  लागि के गर्दे हुनु हुन्छ ?

३२ कमैया मुक्ति भए पछि कसरी परिवार पाल्नु भएको छ ?

३३. कमैया लाई माथि उठाउन के गर्नु पर्ला ?

३४. अहिले सम्म सरकार समक्ष कुनै माग राख्नु भएको छ ?

३५. अहिले सरकार प्रति तपाईको धारणा वा दृष्टिकोण के कस्तो छ ?

३६. मुक्ति पछिको घोषणाले तपाईहरुलाई कस्तो प्रभाव पारेको छ ?

३७. तपाइहरु क्मैया रहँदा वा शिविरमा वस्दा कहाँ आनन्द मान्नु भएको छ ?

३८. तपाइको परिवारमा खान पुग्ने वा नपुग्ने अवस्था कस्तो रहेको छ ?

३९. तपाईहरुले गर्दै आउनु भएको पेशा प्रति के सन्तुष्ट वा असन्तुष्ट हुनु हुन्छ ?

४०. तपाइहरु संग आफ्नो जग्गा जमिन के कति छ ?